# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २७ फागुन २०८०

# बिहिवार

# बैठक सङ्ख्या- ११

राष्ट्रिय सभाको आजको बैठक माननीय उपाध्यक्ष श्री उर्मिला अर्यालको अध्यक्षतामा दिनको १३:०९ बजे प्रारम्भ भयो।

(१३:११ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली २०७५ को नियम ७ बमोजिम राष्ट्रिय सभाको अध्यक्ष पदको निर्वाचनको लागि संवत् २०८० फागुन २९ गते मङ्गलबारको दिन तोकेको छु। साथै नियमवाली बमोजिम संघीय संसदको महासचिव श्री पदमप्रसाद पाण्डेलाई अध्यक्ष पदको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना प्रकाशित गर्न निर्देशन दिन्छु। माननीय सदस्यहरू सभाको २०८० फागुन १८ गतेको बैठकमा सभाका माननीय सदस्य भुवन बहादुर सुनारले राष्ट्रिय सभा दोस्रो संशोधन नियमावली २०८० माथिको छलफलमा भाग लिने क्रममा प्रयोग भएको स्यालको छाला ओडेको ब्वाँसो भन्ने कि के भन्ने जस्तै कम्युनिष्टका नाम बोकेका मानिसहरूको चरित्र उदाङ्ग भयो भन्ने वाक्यांशप्रति सभाका माननीय सदस्य उदयबहादुर बोहराबाट नियमापत्ति भएको सन्दर्भमा सोही दिनको बैठकमा सभा अध्यक्षबाट भएको निर्देशन बमोजिम अध्ययन गर्दा उक्त वाक्यांश राष्ट्रिय सभा नियमावली २०७५ को नियम २१ को खण्ड घ (१) बमोजिम असान्दर्भिक देखिएको हुँदा सभाको अभिलेखबाट हटाउन सचिवालयलाई निर्देश गर्दछु।

माननीय सदस्यहरू, माननीय अर्थमन्त्रीले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि सभामा छलफल गरियोस् भनी राख्नुभएको प्रस्तावमाथिको छलफलको क्रम जारी रहन्छ माननीय सदस्यहरू उक्त प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन दलीय आधारमा नाम प्राप्त हुन आएको छ। अब म माननीय सदस्यहरूलाई छलफलमा भाग लिन क्रमश समय उपलब्ध गराउँछु। माननीय सदस्य सुरेश कुमार आलेमगर। समय ८ मिनेट। त्यसपछि माननीय जगतबहादुर पार्की।

(१३:१३ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, आज म विनियोजन विधेयक २०८१ का सिद्धान्त र प्राथमिकताका सन्दर्भमा मेरो धारणा राख्नका लागि यहाँ उपस्थित भएको छु। तर त्योभन्दा अगाडि केही कुरा राख्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, देशमा यतिबेला राजनैतिक परिदृश्य केही रूपमा फेरिएको छ। नयाँ समीकरण र नयाँ गठबन्धन बनेको छ। यसलाई गठबन्धन भन्दा पनि मलाई लाग्दछ नयाँ सहकार्य, नयाँ सहकार्य, नयाँ सहयात्रा भन्दा ठिक होला। सम्माननीय अध्यक्षज्यू, यतिबेला यो सभामा पनि केही दृश्यहरू फेरिएका छन्। केही हामी माननीयहरू जहाँ पहिला थियौं त्यही ठाउँमा नै छौं। केही माननीयजीहरूको चाहिँ सिट परिवर्तन भएको छ। यताको उता उताको यता भएको छ। तर यी सबै कुराहरू मलाई लाग्छ राजनीतिक यात्राका सन्दर्भमा स्वाभाविक र सामान्य प्रक्रियाहरू हुन। हुन त यो विषयलाई लिएर केही केही मान्छेहरूले तितो पिरो अभिव्यक्त गरेको पनि पाइयो। मलाई चाहिँ के लाग्छ भन्दाखेरि राजनीति एउटा निरन्तर चलिरहने यात्रा हो। यो यात्रामा कतिपय यात्रीहरू सँगसँगै यात्रारत हुन्छन्। कतिपय बिचैमा छोडेर जान्छन्। कतिपयलाई बीचैमा छोड्नुपर्ने हुन्छ। कतिपय बीचमा यात्रामा जोडिन्छन् तर यो यात्रा निरन्तर जारी रहन्छ। किनकि गन्तव्य, लक्ष्य एउटै छ, यात्रा जारी छ। त्यसैले यात्रा जारी रहन्छ। यसलाई यो रूपमा लिनुपर्ने हुन्छ। यसलाई स्वाभाविक र म फेरि पनि जोडेर भन्न चाहन्छु, सामान्य प्रक्रियाका रूपमा लिनुपर्ने हुन्छ, बुझ्नुपर्ने हुन्छ, त्यसो गर्दा राम्रो होला। यहाँ इमान, इमान, बेइमानी, धोकाका कुराहरू पनि सुनियो। यस्ता यस्ता शब्दहरूको सन्दर्भमा मलाई चाहिँ के लाग्छ भन्दाखेरि आफूसँग हुँदाखेरि बढी इमान्दार, नहुँदा बेइमान। त्यस्तो, सायद त्यस्तो हुँदैन होला राजनीतिमा। यसलाई स्वाभाविक रूपमा लिनुपर्ने हुन्छ जस्तो मलाई लाग्दछ। आजको, आजको सहयात्री भोलि फेरि सहयात्री बन्न सक्दछ। आजको सहयात्री भोलि सहयात्री नबन्न सक्दछ। यसलाई यही रूपमा लिएर ठिक हुन्छ भन्ने मलाई लाग्दछ। यसपछि सम्माननीय अध्यक्ष महोदय यो निवर्तमान अर्थमन्त्रीज्यूले पेस गर्नुभएको विनियोजन विधेयक २०८१ को सिद्धान्त र प्राथमिकताबारे मेरो

धारणा राख्न चाहन्छु। हुनत यतिबेला राजनीतिक परिस्थिति फेरिनुका साथसाथै नयाँ सहकार्य, नयाँ सहयात्रा सुरु हुनुका साथसाथै अर्थमन्त्रीज्यू पनि फेरिनुभएको छ। त्यसैले पुरानो, पुरानो यो विधेयकको सिद्धान्त र प्राथमिकता त्यही रहन्छ कि रहँदैन मलाई थाहा छैन। नेपालको राजनीतिक परिस्थिति बदलिएसँगै यो पनि बदलिने हो कि ? तर जे होस् म चाहिँ मेरा धारणाहरू यही निवर्तमान अर्थमन्त्रीज्यूले पेस गर्नुभएको विनियोजन विधेयक २०८१ का सिद्धान्त र प्राथमिकतामा केन्द्रित रहेर प्रस्तुत गर्नेछु।

सबभन्दा पहिले यो जुन, यो जुन विधेयक छ, यसमा हुन त यसमा चाहिँ ठिकै नै छ। यसले जुन एउटा प्राथमिकता तयार गरेर सैद्धान्तिक हिसाबमा जुन कुरा राखेको छ त्यो चाहिँ हुन त ठिकै नै थियो तर त्यसमा चाहिँ के छ भन्दाखेरि जुन प्राथमिकता तोकिएको थियो त्यो पनि मोटामोटी ठिकै नै थियो। उर्जा, कृषि, पर्यटन, सूचना, प्रविधि, यो बारेमा पहिला पहिला त कृषिलाई सबभन्दा अगाडि राखिएको थियो। मैले यतिबेला उर्जालाई राखिएको छ, मलाई पनि के लाग्छ भन्दाखेरि ऊर्जा, नेपालको सन्दर्भमा ऊर्जालाई सबभन्दा महत्त्व र प्राथमिकता दिएर अगाडि राखिनु ठिकै हो। कृषि, कृषिको सम्बन्धमा कृषिलाई सबभन्दा बढी प्राथमिकता दिएर एक नम्बर राख्दाखेरि के हुन्छ भने नेपाल जस्तो देशले कृषिलाई प्राथमिकता दिएर समृद्धि ल्याउन सक्दैन। आफूलाई निर्वाह हुने अन्नपातको उत्पादन त हुन सक्दछ। यो अन्न, अन्न आदि इत्यादि विदेशमा, विदेशबाट खरिद गर्दाखेरि लाग्ने खर्चलाई बचाउन त सक्दछ तर समृद्धि गर्ने कुरा देशमा खुसियाली ल्याउने कुरा चाहिँ त्यो सम्भव हुन सक्दैन। र कृषिको आधारमा कुनै पनि देश धेरै समृद्ध भएको मैले देखेको छैन। जो नेपाल जस्तो देशमा कृषियोग्य जमिन त्यति धेरै छैन, त्यसैले यहाँ कृषिलाई जुन प्राथमिकता दिएको छैन, त्यो ठिकै भन्ने मलाई लाग्दछ। उर्जा, ऊर्जा र पर्यटनलाई जुन महत्त्व दिइएको छ जुन प्राथमिकता तय गरिएको छ त्यो ठिकै भने मलाई लाग्दछ। र बडो यसमा यसको एउटा पृष्ठ ९ मा निजी क्षेत्रको लगानी प्रवर्धन भन्ने सम्बन्धमा यो निजी क्षेत्रकै लगानी प्रवर्धनको कुरा हो भनेदेखि त्यहाँ के भनिएको छ भने उत्पादन, उत्पादकत्व र आर्थिक वृद्धिमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका स्थापित गरिनेछ भनिएको छ। निजी क्षेत्र लगानी प्रवर्धनकै सम्बन्ध हो भने त निजी क्षेत्रको नेतृत्वदायी भूमिका त्यो ठिकै होला। तर समग्र देशको कुरा गर्ने हो भने निजी क्षेत्रको नेतृत्वदायी भूमिका गलत हुन्छ। राज्यकै भूमिका नेतृत्वदायी हुनुपर्ने हुन्छ। निजी क्षेत्रको होइन। त्यसो गर्यौं भने हामीले देशलाई अन्त कतै लगिरहेका हुन्छौं। त्यसैले यहाँनिर निजी क्षेत्रको लगानी प्रवर्धन हो भन्देखिन् त यसमा पनि राज्यको नेतृत्वदायी भुमिका हुने कुरो आएन। यो फेरि ठिकै छ। यसै सन्दर्भमा यहाँ कतिपय, कतिपय जस्तै एउटा १० पृष्ठमा जलवायु परिवर्तन भनिएको छ। दिगो विकास र

जलवायु परिवर्तन भनिएको छ। जलवायु परिवर्तनको कुरा हामीले धेरै गरेका छौं तर जलवायु परिवर्तनका सन्दर्भमा कुरा गर्दा मैले पहिला पनि राखेको थिएँ फेरि पनि जोड्दै राख्न चाहन्छु। त्यो के भन्दाखेरि जलवायु परिवर्तनले जुन समस्याहरू ल्याउँछन् जलवायु परिवर्तनका सम्बन्धमा जुन समाधान हुन्छ, त्यो समाधान कोसँग हुन्छ भन्दाखेरि त्यो, त्यो आदिवासी, त्यो क्षेत्रमा बस्ने आदिवासी संसारभरिका आदिवासीहरूसँग यो जलवायु परिवर्तनसँग climate change ले ल्याएका समस्याहरूसँग समाधान गर्ने ज्ञान, त्यसको चाहिँ अभ्यास त्यसको सिप उनीहरूसँग हुन्छ। तर यो पक्षलाई, मलाई आश्चर्य लाग्छ सम्माननीय अध्यक्षज्यू, नजरअन्दाज गरिएको छ, एउटा कञ्जुस्याँइ गरिएको छ, यो शब्द राखिँदैन। जलवायु परिवर्तनले ल्याएका समस्याहरूलाई समाधान गर्ने तरिका त्यसको ज्ञान सीप जससँग छ, त्यसलाई सम्बोधन गर्ने कुरा, त्योसँग सहयोग लिने कुरामा किन कञ्जुस्याँइ? सायद यो देशमा आदिवासी जनजातिहरूको बर्चस्व नभएको हुनाले हो कि? मलाई त्यस्तो पनि लाग्छ तर यो बारेमा ध्यान दिनुपर्छ जस्तो मलाई मलाई लाग्दछ। कतिपय भाषिक त्रुटिहरू पनि यसमा छन्। जस्तै पृष्ठ ४ मा सरकारको खर्चतर्फ भन्दै भन्दै आयोजना कार्यान्वयनमा देखिएका व्यवस्थापकीय कमजोरी भनिया छ, व्यवस्थापकीय कमजोरी होइन। व्यवस्थापकीय कमजोरी भनेको व्यवस्थापकको कमजोरी, कम्प्लेइनिङ्ग अफ द व्यवस्थापक, weaknesses of the manager, म्यानेजरको कमजोरी होइन। व्यवस्थापनको कमजोरी भनिएको हो। त्यसैले व्यवस्थापकीय कमजोरी होइन व्यवस्थापनको कमजोरी, व्यवस्थापनसँग सम्बन्धित कमजोरी भन्नुपर्ने हुन्छ। म आशा गर्दछु नयाँ अर्थमन्त्री आउनुभएको छ। नयाँ भिजनका साथ हामी नयाँ योजना नयाँ विचार लिएर आएका थियौं तर हामी, हामी पनि अरू जस्तै हुनुपर्यो। हामीले संसद भर्नुपर्यो। सांसद बन्नुपर्यो। त्यसैले हामी अगाडि बढ्ने कुरा त्यो सम्भव भएन, अब हामी नयाँ मान्छे बनाउन आएका थियौं। यहाँ त हामीलाई नै पुरानो मान्छे बन्नुपर्यो। नयाँ नेपाल बनाउन आएका थियौं  त्यही पुरानो नेपालमा रहनुपर्यो जेहोस् नयाँ सहयात्री जो फेरिएका छन् उहाँहरूसँगै हामी अगाडि दिशामा बढ्नेछौं। यद्यपि त्यो यात्रा चुनौतीपूर्ण छ। नयाँ सहयात्रीसँग यात्रा चुनौतीपूर्ण छ। तर हामीलाई विश्वास छ हामी विभिन्न सङ्कटहरूलाई चिर्दै अगाडि बढ्नेछौं यिनै कुराहरू राख्दै यो विनियोजन विधेयक २०८१ का सिद्धान्त र प्राथमिकतामा मेरा धारणाहरू यही अन्त्य गर्न चाहन्छु। धन्यवाद। अभिवादन।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य जगत बहादुर पार्की। समय ७ मिनेट। त्यसपछि माननीय युवराज शर्मा।

(१३:२३ बजे) **<u>माननीय श्री जगत बहादुर पार्की (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय सभाध्यक्षज्यू, आज हामी एउटा नयाँ राष्ट्रमा एउटा नयाँ समीकरण पहिलाको समीकरण भत्किएर फेरि एउटा नयाँ समीकरण बनेको छ। सायद यो मुलुकको आवश्यकता अहिलेको देशको अवस्थालाई केन्द्रबिन्दुमा राखेर त्यो समीकरण बनेको हो भन्ने मलाई लागिराखेको छ। देशमा देशमा जुन खालको सङ्कट देखिएको छ आर्थिक क्षेत्रमा सामाजिक क्षेत्रमा राजनीतिक क्षेत्रमा र विविध अन्य क्षेत्रहरूमा पनि जुन समस्याहरू देखा परेका छन् त्यसको समग्र समाधानको निमित्त अहिले चाहिँ एउटा नयाँ समीकरणको सुरुवात भएको छ। र मलाई के विश्वास छ भने त्यो समीकरणले जुन नयाँ एउटा मन्त्रिमण्डल पुनर्गठन गरेको छ त्यसले यो देशको आवश्यकतालाई यो देशको समग्र समस्याको समाधान गर्नेछ भन्ने कुरामा मलाई विश्वास छ। र आज हामी यो सदनमा सम्मानित सदनमा यो गरिमामय सदनमा बजेटको सिद्धान्त र प्राथमिकताको विषयमा हामी छलफल गरिराखेका छौँ। र मलाई के लाग्छ भने बजेट र सिद्धान्त, बजेटको सिद्धान्त र प्राथमिकताको विषयमा हामीले छलफल गर्दाखेरि हामीले यो त्यसमा चाहिँ हामीले यो छलफल गरिरहँदाखेरि अहिलेको देशको समग्र अवस्था हामी आर्थिक हाम्रो देशको आर्थिक अवस्था के हो? हाम्रो देशको भौगोलिक अवस्था के हो? हाम्रो देशको जनसङ्ख्याको अवस्था के हो? हाम्रो देशको पिछडिएको जाति क्षेत्र महिला दलितहरूको अवस्था के हो र हाम्रो देशभरको युवाहरूको अवस्था के हो? हाम्रो देशको स्वास्थ्य शिक्षाको अवस्था के हो र अहिलेको सबैभन्दा महत्त्वपूर्ण संसारको एउटा हतियार भनेको विज्ञान र प्रविधिको हतियार हो। टेक्नोलोजीको हतियार हो। मलाई मैले एउटा तथ्याङ्कमा हेरेका हेरेको थिएँ आज युरोपमा विकास हुनुको धेरै कारणहरूमध्ये आज जति पनि संसारमा मानव जातिको निमित्त सेवाका वस्तुहरू जुन आविष्कार भए, त्यो आविष्कार १००मा झन्डै झन्डै ८०% आविष्कारहरू युरोपमा भएका छन्। त्यसकारणले युरोप धनी छ। र आज हामी यी विषयहरू यी विषयहरूलाई तपाईंको केन्द्रबिन्दुमा राखेर हामीले सिद्धान्त बजेटको सिद्धान्त हाम्रो संविधानलाई हामीले बजेटको सिद्धान्त र प्राथमिकता निर्धारण गर्नुपर्ने हो। र मैले यसो हेर्दाखेरि मैले यो पढेँ मैले धेरै समय पढ्न त पाएन किनभने आकस्मिक रूपमा आज बिहान मात्रै मलाई बोल्ने समय उपलब्ध गराउनुभयो त्यसको लागि म धन्यवाद दिन पनि चाहन्छु तर समग्रमा सरसर्ती पढ्दाखेरि मैले बजेटको सिद्धान्तको प्राथमिकतालाई हेर्दाखेरि त्यहाँ लेखिएको छ हामीले संविधानको भावना र मर्मअनुसार यो बजेट सिद्धान्तलाई हामीले बजेटको सिद्धान्तको प्राथमिकता निर्धारण गरिएको छ भनेर उहाँले लेख्नुभएको छ। तर मलाई त्यस्तो लाग्दैन। कतिपय विषयहरू उहाँले चाहिँ एकदम गोलमटोल रूपमा यो लेख्नुभएको छ। हाम्रो प्राथमिकता के हो भन्ने कुरा उहाँले छुट्याउन सक्नुभएको छैन। अहिले हाम्रो ४० लाख युवाहरू हाम्रा विदेशिएका छन् रोजगार नपाएर

नेपालमा खाली मुलुक खाडी मुलुकमा उनीहरू रोजगारी खोज्न बाध्य छन्। अप्ठ्यारो काम गर्न बाध्य छन्। हाम्रो संविधानमा प्रष्ट व्यवस्था छ नेपालका हरेक मान्छेहरूलाई रोजगारीको अवसर हुनेछ। हक हुनेछ भन्ने कुरा लेखिएको छ। त्यो विषयमा उहाँहरूलाई कसरी रोजगारी दिने? ती युवाहरूलाई जो विदेशिएका छन् र स्वदेशमा जो बेरोजगार भएर हिँड्न बाध्य भएका छन्। तिनीहरूलाई स्वदेशमै रोजगारी कसरी दिने भन्ने कुराको प्राथमिकीकरण भएको छैन। भने हाम्रो समस्या त त्यो हो नि हाम्रा युवाहरू जो देशमै उत्पादनमा लाग्नुपर्ने हैन देशमै तपाईंको चाहिँ नि देशलाई देश समृद्धिको लागि यो देशमै उनीहरूले रोजगारीको अवसर सिर्जना गर्नुपर्ने ती मान्छेहरूलाई यहाँ ल्याउनको लागि मैले यो बजेटको प्राथमिकतामा त्यो कुरा भेटाएन एउटा कुरा। दोस्रो कुरा अहिले पनि नेपालको मैले २०७७/७८ को जनगणनाको आधारमा म भन्दैछु। नेपालमा झन्डै ४० लाख दलितहरूको सङ्ख्या छ त्यसमध्ये त्यो आँकडाले के देखाउँछ भने ४०% दलितहरू भूमिहिन छन् भनेर त्यहाँ देखाइएको छ। ती ४०% भूमिहीन दलितहरूलाई अरू पनि छन् अन्य समुदायका पनि छन्। तर ती ४०% भूमिहीन, दलितहरूलाई यो राज्यले यो सरकारले कहिले लालपुर्जा दिन्छ? कहिले भूमि उनीहरूलाई उपलब्ध गराउँछ? हामीले २०४८ साल ४८ सालदेखि २०४६/४७ सालको आन्दोलन यता पटक पटक रूपमा हामीले संविधानमा यो कुरा उल्लेख गर्यौं हामीले हाम्रा राजनीतिक चुनावको मैदानमा हामीले घोषणापत्रमा ती कुराहरू उल्लेख गर्यो। अहिले पनि ती दलितहरूले चाहिँ भूमि उपलब्ध भूमि चाहिँ उनीहरूलाई उपलब्ध भएको छैन। भने त्यो प्राथमिकता पर्छ कि पर्दैन? अब सायद यो समीकरण फेरिएकोले हिजोको अर्थमन्त्री अर्थमन्त्रीलाई के कुरा आग्रह गर्न चाहन्छु भने त्यो कुरामा प्राथमिकता परोस्। यो सिद्धान्त र प्राथमिकतामा छलफल गर्दाखेरी त्यो कुराको उहाँले उल्लेख नै गर्नुभएको छैन मलाई म के आग्रह गर्न चाहन्छु भने महिला, दलित, थारु, मधेसीहरू र पिछडिएको क्षेत्र भौगोलिक क्षेत्रको सन्दर्भमा एउटा अलग्गै च्याप्टरमा त्यो कुरा समावेश भएर उनीहरूको चाहिँ समस्याको निमित्त अहिलेको अर्थमन्त्रीले सम्बोधन गर्नुपर्छ भन्ने मैले लागेको छ। हलियाको अवस्था त्यही छ। झन्डै झन्डै अहिले पनि तीन चार हजार ११ सय, १२ सय हलिया मुक्तिको हामीले घोषणा गर्यौं तर १२००, १३०० मान्छेहरूले अहिले पनि त्यसको चाहिँ लाभ लिन सकेका छैनन्। अहिले पनि मैले यसो हेर्दाखेरि झन्डै ३०००, ४००० दलितहरू अहिले पनि चाहिँ हलिया भएका छन्। उनीहरूसँग आवासको व्यवस्था छैन। २० हजार दलितहरूसँग आवास घरबार छैन। घर छैन उनीहरूको। राम्रो छानोसँग छानोमुनि उनीहरूले सुत्न पाएका छैनन्। म सबै राजनीतिक पार्टीहरू र अहिलेको सरकारसँग र अर्थमन्त्रीसँग के आग्रह गर्न चाहन्छु भने हामीले यो बजेटको सिद्धान्त र प्राथमिकता लेख्दै गर्दा एकचोटि त्यो दलितको अवस्था हामी हेरौं। एकचोटी त्यो दलितको अवस्था हेरौं। एकचोटी त्यो पिछडिएको

क्षेत्रको अवस्था हेरौं। एकचोटि चाहिँ त्यो सुकुम्बासीको अवस्था हेरौं। र हामीले कसरी सोच्नुपर्छ भने राजनीतिक क्षेत्रमा हामीले धेरै उपलब्धि हासिल गर्यौं। त्यो सकारात्मक पक्ष तर हामीले नीति कार्यक्रम बजेटको प्राथमिकता निर्धारण गर्दाखेरि एउटा गाउँमा बसेको मान्छे जसलाई खान लाउन छैन राम्रोसँग पढ्न पाउँदैन राम्रोसँग उपचार गर्न पाउँदैन उसको जीवन कसरी फेरिन्छ भन्ने कुरासँग हामीले यहाँ हेर्नुपर्छ। यदि त्यसरी हेर्न सकेनौं भने हाम्रो राजनीतिक प्रणाली हाम्रो राजनीतिक जो सिस्टम छ यो ल्याएको कुनै अर्थ हुँदैन। हामीले मान्छेको जीवन कसरी फेर्न सक्छौं? उनीहरूलाई निःशुल्क शिक्षा कसरी चाहिँ दिन सक्छौं? शिक्षा र स्वास्थ्यको कुरा पनि यहाँ प्राथमिकतामा छैन। भने उहाँले संविधानको कुरा गर्ने तर शिक्षा स्वास्थ्य प्राथमिकतामा नपर्ने यो त पहिलो आवश्यकता हो नि। एउटा शिक्षित नागरिक भयो भने मात्र राष्ट्र बन्छ। हैन एउटा मान्छेले जन्मिसकेपछि हामीले संविधानमा ती सबै कुराहरू उल्लेख गरेका छौ तर आज त्यो कुरा भएको छैन। त्यसो भएको कारणले गर्दाखेरि म के आग्रह गर्न चाहन्छु भने अबको बजेटमा प्रष्ट रूपमा नेपाली जनताको समस्यालाई सम्बोधन गर्ने गरी र नेपाली जनताको समस्याहरू समाधान हुने गरी समग्र क्षेत्रका आर्थिक क्षेत्रमा राजनीतिक क्षेत्रगत सामाजिक क्षेत्रका प्राथमिकता हुनुपर्छ भन्ने म आग्रह गर्न चाहन्छु र अन्त्यमा समय छोटो छ म प्रत्येकपटक ४७ सालदेखि अहिले ७८/७९ सालसम्म, ७९/८० सम्म आउँदाखेरि सुदूरपश्चिममा बजेटको बजेट गएको छैन (..... समय सकिएको)।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य युवराज शर्मा। समय ७ मिनेट। त्यसपछि माननीय भगवती न्यौपाने।

(१३:३१ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म राष्ट्रिय सभामा नवनिर्वाचित माननीय सदस्यलाई बधाई दिँदै कार्यकालको सफलताको शुभकामना दिन चाहन्छु। मैले विनियोजन विधेयकको सिद्धान्त प्राथमिकता सम्बन्धमा आफ्नो विचार प्रस्तुत गर्नु अघि परिवर्तित राजनीतिक अवस्था सम्बन्धमा आफ्ना छोटो धारणा राख्न चाहन्छु। अधिकाङ्श चाहना नेपाली कांग्रेसका प्रमुख सचेतक माननीय रमेश लेखकज्यूले राखिसक्नुभएको छ र सम्माननीय प्रधानमन्त्रीज्यूले चित्त बुझ्दो वा नबुझ्दो गरी जवाफ पनि दिई नै सक्नुभएको छ। मलाई मात्र एउटा जिज्ञासा राख्न मन लागेको छ कि अहिले बनेको सत्ता गठबन्धनमा सामेल केही दलका नेता र माननीय मन्त्रीले आफ्नो मन्त्रालयमा हस्तक्षेप नगर्न स्वेच्छापूर्वक काम गर्न दिन राखेको प्रस्तावलाई सम्मानित प्रधानमन्त्रीज्यूले सहर्ष स्वीकार

गर्नुहुन्छ तर कांग्रेससँगको गठबन्धनमा सामेल मन्त्रीहरूको मेरो मन्त्रीहरू मेरो भन्या मानेनन् स्वेच्छापूर्वक काम गरे त्यसैले गठबन्धन टुट्यो वा तोड्नु पर्यो पनि भन्नुहुन्छ। त्यस्तै नेपाली कांग्रेस संगठनमा व्यक्त अनिर्णित विचारदेखि अत्तालिएर अर्को गठनमा जानुपरेको भन्नुहुन्छ जुन सत्य पक्कै होइन। एकताका यही राष्ट्रिय सभामा भारतबाट ल्याइएका मुर्रा भैंसीको कुरा खुब चल्थ्यो। व्यङ्ग्वाण चलाइन्थ्यो। आज मुर्रा भैसी खोइ भनी सोध्न त सकिन्छ नै होला। एकजना दिग्गज नेताले भर्खरै एमालेसँग बनेको सत्ता गठबन्धन बाह्य शक्तिले भत्काउन खोज्दैछ भन्ने विचार व्यक्त गर्नुभएको छ। पूर्व पश्चिम उत्तर वा दक्षिण कतातिरको हो त्यो शक्ति बताइदिए त हुन्थ्यो। राजनीतिक जुम्लाबाजीमाले जीवन खेर फाल्ने हो कि निवर्तमान सत्ता गठबन्धनलाई धेरै दिनको प्रयासले टुटाउन सकेको हुँ भनि फेरि आफै भन्नुहुन्छ। कतै त्यो बाह्य शक्ति पनि आफै त होइन? आज एकातिर विगतमा संविधान विपरित संसद विघटन गरी मध्यावधि गराउन तम्सिने र सडकमा त्यस कार्यको विरोध गर्नेहरू सत्ता साझेदार बन्न पुगेको रमाइलो दृश्य देखा परेको छ। भने अर्कोतिर त्यस कार्यलाई असंवैधानिक ठहर गरी संविधानको रक्षा गर्ने सर्वोच्चका ती सम्माननीय न्यायाधीशले अवकाश प्राप्त गर्नुभएको छ। गजबको संजोग जुरेको छ। वाल्मिकीरचित रामायणमा बालकाण्डपछि युद्धकाण्ड धेरैपछि सुरु हुन्छ। तर हाम्रो देशमा लामो युद्धकाण्डपछि अहिलेको बालकाण्ड सुरु भएको देख्दछु। इम्मेचुअर्ड बालकाण्ड। अन्तमा अझ उत्तरकाण्ड हेर्न बाँकी नै छ। केही समयपछि त्यो पनि सुरु नै हुनेछ। माननीय अर्थमन्त्री प्रकाश शरण महतज्यूले विनियोजन विधेयक २०८१ सदनमा प्रस्तुत गरेपछि यो ठिक भएन पुनर्लेखन गर्नुपर्छ भने एमाले पार्टीका सांसद मित्रहरूले उठाएका आवाज मेरो कानमा आज पनि ठोकिरहेको छ। आज म स्वयं यस रोस्टममा उभिएर सक्नुहुन्छ भने पुनर्लेखन गर्नुहोस् भनी आग्रह गर्न चाहन्छु।

अब म सदनमा प्रस्तुत विनियोजन विधेयक २०८१ सम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्न जाँदैछु। सम्माननीय अध्यक्षज्यू राष्ट्र भनेको परिवार परिवार मिलेर बनेको हुन्छ। परिवार एउटा सानो राष्ट्र र राष्ट्र भनेको ठुलो परिवार नै हो। परिवारलाई शिक्षित स्वास्थ्य र समृद्ध बनाउन आय विरुद्ध अनावश्यक खर्चमा नियन्त्रण आवश्यक हुन्छ। ऋणको पासोमा परिवार नजकडियोस्, यसको हेक्का राख्नु नै पर्ने हुन्छ। पहिलो आवश्यकता वास्तविकतामा आधारित तथ्याङ्क सङ्कलन नै हो। त्यो नभएमा अर्थतन्त्रको आकार निर्धारण गर्न गाह्रो पर्ने हुन्छ। आज २०८०/८१ को बजेटमा त्यो समस्या देखियो भोलि पनि पनि नदेखिएला भन्न सकिन्न, पहिला यसमा तर ध्यान जानु आवश्यक छ। आज भोकको अंश बढेको छ बजेट घटेकोले लगानी घट्नेछ। नीतिगत स्थिरता पनि आवश्यक छ जुन त्यती देखिँदैन। वैदेशिक लगानी प्रवर्द्धन,

राजनीतिक लगानीलाई प्रोत्साहन आवश्यक छ। साथै सबै क्षेत्रमा आशा र विश्वासको सञ्चार पनि। आज राजश्व सङ्कलन कमजोर अवस्थामा छ। बजारमा मागको अभाव देखिन्छ बैङ्कको मुनाफा घटेको छ। निश्चित पनि अर्थतन्त्र सङ्कटग्रस्त होइन समस्या ग्रस्त भने देखिन्छ। यस्तो अवस्थामा सबै क्षेत्रको समेत सापेक्ष प्रभावकारी भूमिका आवश्यक छ। यस्तो समस्या ग्रस्त आर्थिक अवस्थामा प्रस्तुत विनियोजन विधेयक २०८१ का सिद्धान्त र प्राथमिकताले देशको आर्थिक समस्याको पहिचान गर्न सफल भएको देखिन्छ। १ देखि ५ नम्बरको बुँदासम्म यसलाई उल्लेख गरिएको छ। न्यून उत्पादन र उत्पादकत्व, उच्च व्यापार घाटा, कमजोर निर्यात सक्रिय उमेर समूहका जनशक्ति पलायन, निर्धारित समयमा पूरा नहुने आयोजना, बढ्दो सङ्कलित राजस्वले अनिवार्य दायित्व धान्न कठिन भइरहेको ठेक्काबाट सिर्जित दायित्व भुक्तानी समेत चुनौतीपूर्ण बन्दै गएको इत्यादि इत्यादि। त्यस्तै ७ देखि ९ बुँदासम्म सिद्धान्त समावेश गरिएको छ संविधानले प्रत्याभूत गरेको मौलिक हक काजीका निर्देशक सिद्धान्त नीति तथा दायित्वलाई प्रमुख मार्गदर्शन बनाइएको छ भनी उल्लेख गरिएको छ। त्यस्तै सम्वत २०२६ सम्म विकासशील राष्ट्रको रूपमा स्तरोन्नति र  २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य र फराकिलो आर्थिक वृद्धिका आधार तय गर्ने कुरा सिद्धान्तको रूपमा लिएको छ जुन अत्यन्त सही र समय सापेक्ष पनि छ। यसका लागि ८ बुँदादेखि १३ बुँदासम्म विस्तृत व्याख्या बुँदागत रूपमा गरिएको छ। त्यस्तै १४ बुँदादेखि २८ सम्म विनियोजन विधेयकको प्राथमिकता तय गरिएको छ। जसमा जलविद्युत विकासलाई पहिलो प्राथमिकता तय गरिएको छ। जसमा जलविद्युत विकासलाई प्रथम स्थान दिएको छ। विद्युत उत्पादन, आन्तरिक खपत र निर्यातलाई प्राथमिकतामा राखिएको छ। यो ठिक पनि छ। किनभने घर खेत र उद्योग यातायात सबैतिर विद्युत आवश्यक बन्दै गएको देखिन्छ। त्यस्तै कृषिको आधुनिकरण र व्यवसायीकरण उत्पादन वृद्धि, पर्यटन विकास सूचना प्रविधिको विकास सहकारी क्षेत्रको नियमन इत्यादि कुरा समेटिएको २३ पृष्ठ र २९ बुँदे २०२१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता अत्यन्त सकारात्मक छ। यसैको आधारमा नीति र कार्यक्रम बनी बजेट नियोजन हुने नै छ र कार्यान्वयन पक्ष सबल रहने कुराको अपेक्षा वर्तमान सरकार र माननीय अर्थमन्त्रीसँग रहेको पनि छ। तर माननीय अर्थमन्त्रीज्यूले मुठी खुल्ने कुरा भनेको सुन्दा उत्पादन भन्दा वितरण एकदमै बढ्ने त हैन डर पनि लाग्दछ। भारतमा मनमोहन सिंह अर्थमन्त्री नियुक्त हुँदा जम्मा विदेशी मुद्राको सञ्चिति ५ महिनाको सेवा र वस्तुको आयातलाई धान्न सक्ने मात्रै थियो। तर उहाँको प्रयासले भारतले फड्को हानेको छ। हामी कहाँ अहिले कम्तिमा एक वर्ष धान्ने वैदेशिक मुद्राको सञ्चिति छ। आर्थिक क्षेत्रमा फड्को हान्ने काम गरिदिन अर्थमन्त्रीसँग म विश्वास व्यक्त गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय भगवती न्यौपाने। समय १५ मिनेट। त्यसपछि माननीय डाक्टर बेदुराम भुसाल।

(१३:३८ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू आज हामी विनियोजन विधेयक २०८१ का सिद्धान्त र प्राथमिकताको विषयमा छलफल गरिरहेका छौं। यो विषयमा बिदाई भएर जाने माननीयज्यूहरूले पनि आफ्ना सुझावहरू राख्नुभएको छ। र यही विषयमा हाम्रो दलको तर्फबाट हाम्रा दलका नेता माननीय देवेन्द्र दाहालज्यूले यो विधेयकको सिद्धान्त र प्राथमिकतामा भएका कमजोरीहरूका विषयमा र यसमा समावेश गर्नुपर्ने सवालहरूका विषयमा केही सुझावहरू र केही कमजोरीहरूको बारेमा प्रष्टसँग राखिसक्नुभएको छ योभन्दा अगाडि र अहिले आज माननीयज्यूहरूले यो बारेमा छलफल हामी गर्दैछौं केही माननीयज्यूहरूले आफ्नो धारणा पनि राख्नुभएको छ। वास्तवमा यो जुन एउटा विनियोजन विधेयक २०८१/०८२ को सिद्धान्त र प्राथमिकता को विषयमा यो प्रस्तुत गर्दा योभन्दा अगाडिको सरकार र त्यो सरकारको अर्थमन्त्री माननीय प्रकाश शरण महत हुनुहुन्थ्यो। उहाँले प्रस्तुत गर्नुभएको यो सिद्धान्त बजेटको सिद्धान्त र प्राथमिकता यसमा धेरै कुराहरू परिमार्जन गर्नुपर्नेछ। यसमा धेरै कुराहरू समावेश गर्नुपर्नेछ म केही सुझावहरू पनि राख्न चाहन्छु। नेपाल सरकारको प्रतिनिधित्व गरेर यहाँ माननीय मन्त्रीज्यू हुनुहुन्छ। अर्थमन्त्री ज्यूलाई पक्कै पनि यहाँ राखिएका सुझावहरू सन्देश पुर्याइदिनुहुनेछ र केही सुझावहरू म राख्न चाहन्छु यो किताबमा जे जति कुराहरू उल्लेख गरिएको छ यसलाई धेरै परिमार्जन गर्नुपर्छ। यसमा टेकेर बजेट आगामी बजेट यसमा टेकेर निर्माण गर्ने हो। त्यसैले यो जस्ताको तस्तै यसमा टेकेर यही सैद्धान्तिक धरातलमा टेकेर बजेट निर्माण गर्दाखेरि आजको आवश्यकतालाई सम्बोधन हुन सक्दैन।आजका समस्याहरूलाई हल गर्न सकिँदैन त्यसैले धेरै कुराहरू यसमा परिमार्जन गर्नुपर्नेछ। यहाँ कृषिलाई आधुनिककरण गर्ने कृषिलाई व्यवसायकरण गर्ने भन्ने विषयमा बुँदा नम्बर १५ मा केही कुराहरू समेत समावेश गर्नुभएको छ। रासायनिक मलको कारखाना खोल्ने कुराहरू पनि उल्लेख गर्नुभएको छ।  आर्थिक वर्षमा पनि हामीले थुप्रै विषयहरूमा सुझाव दिएका थियौं। धेरै कुराहरू हामीले चालु आर्थिक वर्षमा समावेश गर्नपर्ने कुराको बारेमा छलफल गरेका थियौं। तर अहिले पनि रासायनिक मलको कारखाना राखिनेछ भन्दै गर्दा यो चालु आर्थिक वर्षमा के के काम भयो? रासायनिक मलको कारखाना राख्नेगरी के के गतिविधिहरू सञ्चालन गरियो? त्यो विषयमा मन्त्रीज्यूले प्रष्ट पार्नुपर्ने थियो पूर्व मन्त्रीज्यूले र म अब अहिलेको मन्त्रीज्यूलाई भन्न चाहन्छु जहाँसम्म मलको विषयमा किसानहरूले उत्पादनलाई बढाउने हो भने मल बिउ यो अपरिहार्य सरकारले सोच्नुपर्ने विषय हो।  तर मैले जोड दिएर

भन्न चाहन्छु प्राङ्गारिक मललाई बढी महत्त्व दिउँ। प्राङ्गारिक मलको कारखाना खोल्ने कुरालाई सरकारले बढी महत्त्व दिन आवश्यक छ। त्यसले माटोको गुणस्तरलाई पनि नबिगार्नका निम्ति मानव स्वास्थ्यलाई पनि, मानवको स्वास्थ्य अवस्थालाई पनि नबिगार्नका निम्ति प्राङ्गारिक मलमै जोड दिनुपर्छ। यो विषयमा एकजना विज्ञले मलाई सुझाव पनि दिनुभएको थियो। पूर्वमा एउटा हरियो मल भनेर पहिला प्रयोग गरिन्थ्यो। त्यसलाई चाहिँ त्यो हरियो मल भनेको एउटा धम्सी भन्ने घाँस हुन्छ। त्यसलाई ढैंचा पनि भनिन्छ। बाली लगाउन भन्दा २०/२२ दिन अगाडि त्यसलाई छरिन्छ र त्यसपछि खेत रोप्ने, खासगरी धान बालीका निम्ति धान रोप्न भन्दा केही दिन अगाडि त्यसलाई जोतेर कुहाएर त्यसपछाडि धान रोप्दाखेरि त्यो मल धेरै उपयोगी हुन्छ। त्यो खालको मल प्रयोग गर्ने गरी सरकारले त्यो नीति बनायो भने त्यसरी जाँदाखेरि धेरै उत्पादन पनि बढ्छ। त्यो त्यो विषयमा चाहिँ सरकारले एउटा रिसर्च पनि गरोस्। साँच्चै त्यसरी गर्ने हो भने तराईका सबै जिल्लाहरूमा त्यो ढङ्गले चाहिँ प्रयोग गर्न सकिन्छ हरित मल भनेर चाहिँ भन्नुभएको थियो। यो विषयमा सरकारले अनुसन्धान पनि गरोस् भन्न म चाहन्छु। र उत्पादनलाई बढाउनका निम्ति सिँचाइ सुविधाको विषयमा सरकारले ध्यान दिनुपर्छ। हामी कहाँ भएका छ हजारवटा नदीहरूलाई प्रयोग गरेर सिँचाइको व्यवस्था सरकारले गर्नुपर्छ। अनि मात्रै कृषि उत्पादकत्व बढाउन सकिन्छ। आज हामीलाई चाहिने ६० देखि ६२ लाख मेट्रिक टन खाद्यान्न हो। तर हाम्रो उत्पादन कति छ? हाम्रो उत्पादन ५० देखि ५२ लाख मेट्रिक टन छ। त्यसैले हामीलाई चाहिने खाद्यान्न उत्पादन गर्नका निम्ति सरकारले त्यो विषयमा ध्यान पुर्याउनु पर्दछ म सुझाव पनि दिन चाहन्छु।र अहिले सरकार बदलिएको छ, माननीय अर्थमन्त्रीज्यू केही एनर्जेटिक, अर्थमन्त्रीज्यू एनर्जेटिक पनि हुनुहुन्छ। उहाँलाई केही गरम् भन्ने भावना पनि छ भन्ने हामीले बुझेका छौं।त्यसैले गर्दा म भन्न चाहन्छु। अरू क्षेत्रको विषयमा पनि शिक्षाको बारेमा हामीले धेरै पटक बहस गरेका छौं। शिक्षा, नेपालका विद्यार्थीहरू नेपालमा नपढेर आज विदेशका युनिभर्सिटीहरू खोज्दै हिँड्नुभएको छ। खोज्दै, विदेशमा युनिभर्सिटीहरू खोज्दै विदेश जाने क्रम दिनप्रतिदिन झन् धेरै बढेर गएको छ। त्यसैले गर्दा यहाँका विद्यार्थीहरूलाई मेरो देशको युनिभर्सिटीले मलाई उज्यालो भविष्य दिन सक्छ भन्ने मनोविज्ञान सिर्जना गर्न जरुरी छ। मेरो देशको युनिभर्सिटीमा पढेपछि मेरो हातमा सिप हुन्छ। मेरो मस्तिष्कमा ज्ञान हुन्छ। त्यो मनोविज्ञान सिर्जना गर्नुपर्नेछ। मलाई मेरो देशको युनिभर्सिटीमा पढेर निस्केपछि मैले रोजगार प्राप्त गर्न सक्छु भन्ने मनोविज्ञान सिर्जना गर्नुपर्नेछ। त्यसैले गर्दा गुणस्तरीय शिक्षा आजको आवश्यकता हो। हाम्रा देशका विद्यार्थीहरू हावर्ड विश्वविद्यालय खोज्दै, क्याम्ब्रिज विश्वविद्यालय खोज्दै, अक्सफोर्ड विश्वविद्यालय खोज्दै विदेश जान नपरोस् भन्ने विषयमा अहिलेको सरकारले ध्यान दिओस् भन्न म चाहन्छु। त्यस्तैगरी र मैले आजभन्दा केही वर्ष अगाडि पनि मैले सुझाव

दिएको थिएँ, शिक्षाको क्षेत्रमा कसरी शिक्षालाई गुणस्तरीय बनाउने? कसरी रोजगारमूलक बनाउने? कसरी सीपमूलक बनाउने? यो विषय, पूर्वाधारको विकासको विषय, कृषिलाई व्यवसायीकरण गर्ने सवाल, कृषिलाई यान्त्रिकीकरण गर्ने सवालमा वास्तवमा हामीले धेरै छलफल गर्नुपर्नेछ। अब हामी जार्गन, कुरा गरेर यो देशमा हामीले अब देशलाई परिवर्तन गर्न सक्दैनौं। अब हामीले गर्ने एक्सन हो, काम हो। त्यसैले म सरकारलाई सुझाव दिन चाहन्छु, हामीले एकदिन चाइनिजहरूसँग बसेर छलफल गर्दै गर्दाखेरि त्यो चीनको समृद्धि कसरी सम्भव भयो? हामीले सोध्यौं, हामीले छलफल गर्यौं। जसरी माओत्से तुङ्गको नेतृत्वमा चीनियाँ क्रान्ति सफल भयो। त्यसपछाडि देङ्ग सियाओ पिङ्गले ८० को दशकमा त्यहाँ आर्थिक रूपान्तरण गर्नुभयो। उहाँको नेतृत्वमा त्यो कसरी सम्भव भयो ? आज चाहिँ सि जिन पिङको नेतृत्वमा आधुनिक चीनको निर्माण गर्नेतिर चीन आज जसरी लागिरहेको छ त्यो कसरी सम्भव भयो ? हामीले सोध्यौं र हामीले सोध्दै गर्दाखेरि वास्तवमा सबभन्दा पहिला हाम्रो देशमा, आफ्नो देशमा आर्थिक रूपमा चाहिँ के के समस्याहरू छन्, देशको अर्थतन्त्रलाई समृद्ध बनाउनका निम्ति समस्याहरू के के छन्, त्यसलाई फाइन्ड आउट गर्ने हो, त्यसको पहिचान गर्ने हो। त्यसपछाडि त्यसको पहिचान गरिसके पछाडि त्यसलाई कसरी रूपान्तरण गर्न सकिन्छ? कसरी समाधान गर्न सकिन्छ? त्यो समाधानका उपायहरू खोज्ने हो। त्यसैले हामीले सबैभन्दा पहिला land management गर्यौं। जमिनको चाहिँ राम्रो व्यवस्थापन गर्यौं। त्यसैले जमिनको व्यवस्थापन धेरै महत्त्वपूर्ण कुरा हो। म सरकारलाई विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु। हाम्रो देशमा जमिनको व्यवस्थापन सही ढङ्गले भइरहेको छैन। एउटा भद्रगोल तरिकाले जमिनको व्यवस्थापन भएको छ। जसले जसरी प्रयोग गर्न पनि पाउने, जसले जहाँ घर बनाउन पनि पाउने, जसले जहाँ घडेरी किन्न पनि पाउने, यस्तो खालको अव्यवस्थित ढङ्गले जमिनको व्यवस्थापन हुँदा समृद्धि सम्भव छैन। त्यसैले अबको बहस हामीले जमिनलाई सही ढङ्गले कसरी व्यवस्थापन गर्ने? एकीकृत बस्तीको विकास गर्ने, अपार्टमेन्टमा चाहिँ बस्नेहरूका निम्ति अपार्टमेन्टको निर्माण गरेर अपार्टमेन्टमा बस्नेहरूको निम्ति सहुलियत ऋणको व्यवस्था हामीले कसरी गर्ने? अबको बहस त्यतातिर पनि गर्नुपर्ने होला। त्यसैले अरू हामीले टेक्नोलोजीको विकास गर्यौं। युवाहरूलाई रोजगारी दिनका निम्ति हामीले त्यस्ता योजनाहरू ल्यायौं जो काम गर्न सक्ने उमेर समूहका हुनुहुन्छ। काम गर्न सक्ने उमेर समूहकालाई हामीले चाहिँ रोजगारी दिने त्यस्ता खालका योजनाहरू ल्यायौं। उहाँहरूले हामीलाई धेरै कुरा बताउनुभएको थियो। आज चीन टेक्नोलोजीमा धेरै अगाडि बढ्यो। समृद्धिको हिसाबले भन्ने हो भने, आर्थिक हिसाबले भन्ने हो भने आज धेरै अगाडि अगाडि बढ्यो। सम्भव हुँदो रहेछ। गरे देखि सम्भव हुँदो रहेछ भन्ने कुरा त्यो एउटा दृष्टान्त हो। चीन एउटा उदाहरण हो। त्यसैले अब हामीले गर्नुपर्छ. यो देशका निम्ति गर्नुपर्छ भन्ने भावना राखौं र गर्न ढिला हुँदैन, ढिला गर्न

हुँदैन अब गर्नुपर्छ, म सरकारलाई विनम्रतापूर्वक सुझाव दिन चाहन्छु त्यसैले मैले भन्न खोजेको के हो भने यो देशमा पूर्वाधारको विकास कसरी गर्न सकिन्छ? शिक्षालाई गुणस्तरीय कसरी बनाउन सकिन्छ? स्वास्थ्यको विषयमा हामीले परिवर्तन, स्वास्थ्यमा सामान्य जनताहरूको पनि पहुँच रहने गरी कसरी विकास गर्न सकिन्छ भन्ने सन्दर्भमा अब ढिला गर्न हुँदैन। त्यसैले गर्दा मैले एउटा सुझाव राखेको थिएँ केही वर्ष अगाडि, एउटा आइडिया बैङ्कको निर्माण गरौं। स्थापना गरौं। आइडिया बैङ्कमा विज्ञहरूका सुझावहरू सङ्कलन गरौं। आइडियाहरू सङ्कलन गरौं। त्यो आइडियाहरूलाई वितरण पनि गरौं। त्यसैले गर्दाखेरि आइडिया बैङ्कको स्थापना गर्ने कुरा यो बहसको विषय बनोस्, मैले पहिला पनि यसलाई जोड दिएर भनेको थिएँ र अहिले पनि म जोड दिएर भन्न चाहन्छु। त्यसले गर्दा अब हामीले यो देशको अर्थतन्त्र सुदृढ नभईकन अरू धेरै कुरा गर्न सक्दैनौ। जब चाहिँ अहिले अर्थतन्त्रमा मन्दी छ। त्यो कुरा अर्थमन्त्रीज्यूले स्वीकार गर्नुभएको छ। र त्यो कुरालाई चाहिँ अर्थमन्त्रीज्यूले चाहिँ आत्मसात गर्नुपर्दछ। साँच्चै डेटाले के भन्छ? हाम्रो देशको अर्थतन्त्रको चित्रले के बताउँछ? देशको अर्थतन्त्रमा मन्दी छ भन्ने कुरा धेरै ठुलो उदाहरण पनि दिनुपर्दैन। हामी यहाँबाट बानेश्वरसम्म जाउँ। बानेश्वरसम्म जाँदा हिजो काठमाडौंमा घर बनाउने बित्तिकै, घरको जग बसाल्ने बित्तिकै सटरहरू भाडामा जान्थे। पहिल्यै बुकिङ भइहाल्थे तर आज यहाँबाट बानेश्वरसम्म जाँदा, यहाँबाट न्युरोडसम्म जाँदा, कलंकीसम्म जाँदा कतिवटा सटरमा to let लेखिएको छ यो मन्दीको एउटा उदाहरण हो। मन्दी भइराख्दाखेरि हामीले अब के योबाट पार पाउँदैनौ त? यो बाट मुक्ति पाउँदैनौं त? देशको अर्थतन्त्रलाई हामीले मजबुत गर्न सक्दैनौं त? यो देशका युवाहरूलाई हामीले रोजगारीको अवस्था सिर्जना गर्न सक्दैनौं त? हामी सक्छौं देशका युवाहरूलाई रोजगार दिन हामी सक्छौं। आज हामीले रेमिट्यान्सको कुरा गरिरहेका छौं आज वर्षमा १० देखि १२ खर्ब रेमिटेन्स आउँछ। तर हामीले रेमिटेन्सलाई यो भन्दा अगाडि पनि हाम्रो दलको चाहिँ नेताज्यूले भन्नुभएको थियो रेमिट्यान्सलाई हामीले उत्पादनमा लगाएका छौं त? उत्पादनमा त्यसले त्यो रेमिटेन्सले योगदान गरेको छ त? त्यो कुरामा अर्थमन्त्रीज्यू र सरकार यो विषयमा ध्यान दिन जरुरी छ। त्यसैले आज भारतमा मात्रै रेमिटेन्सको कुरा गर्ने हो भने हाम्रो देशबाट ५ देखि ६ खर्बसम्म भारतमा रेमिटेन्स चाहिँ जाँदो रहेछ। त्यो भनेको भारतबाट आएका मजदुरहरू घरमा रङ लगाउने देखि लिएर कपाल काट्ने, प्लम्बिङ्गको क्षेत्रमा काम गर्ने लगायतका भारतबाट आउने मजदुरहरूले चाहिँ पाँचदेखि छ खर्व लैजाने, त्यस्तो खालको स्थिति, खर्ब लैजाने, त्यस्तो खालको स्थिति रहेछ। हामीले हाम्रै देशका युवाहरूलाई रोजगार दिन किन सक्दैनौं ? हामी सक्छौं। म अर्को, म छोटो एक मिनेट थप्दिन पनि अनुरोध गर्न चाहन्छु। मैले अनौपचारिक, अर्थमन्त्रीज्यू म अनुरोध गर्न चाहन्छु। आज अनौपचारिक अर्थतन्त्रको आकार निकै धेरै बढ्दै गयो। अनौपचारिक अर्थतन्त्रमा आज, आज

चाहिँ ४२.६६% चाहिँ अनौपचारिक अर्थतन्त्रमा संलग्न हुनेहरू छन्। त्यो अनौपचारिक अर्थतन्त्र भनेको त्यो राज्यसँग जोडिँदैन। त्यो राज्यले पनि योगदान गर्दैन राज्यलाई त्यसले चाहिँ कर पनि तिर्दैन। त्यसैले गर्दा त्यसलाई त्यो रिसर्च गर्नुस्। अनौपचारिक अर्थतन्त्रमा कसरी चाहिँ अनौपचारिक अर्थतन्त्रमा संलग्न हुनेलाई औपचारिकमा ल्याउन सकिन्छ, राज्यसँग जोड्न सकिन्छ? त्यो विषयमा पनि अनुसन्धान गर्नुस्। आज व्यापारीहरू नेपालमा साना ठुला गरेर ५ लाख चाहिँ व्यापारीहरू छन्। ती व्यापारीहरू मध्ये सबैले कर तिर्दैनन् र सबैले ३२% ले। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय डाक्टर बेदुराम भुसाल। समय ९ मिनेट। त्यसपछि माननीय मोहम्मद खालिद।

(१३:५३ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकिकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, हामीले बजेटका सिद्धान्त र प्राथमिकतामा यथेष्ट रूपमा छलफल होस् संसद्मा, सदनहरूमा भन्ने धारणा राखेर अध्यादेश मार्फत बजेट प्रस्तुति गर्ने तालिकामा नै परिवर्तन गरेका थियौं। त्यसै अनुसार यो बजेटका सिद्धान्त र प्राथमिकतासम्बन्धी प्रस्ताव अगाडि नै संसदमा प्रस्तुत गरिएको पनि थियो। तर आज हामी जसरी छलफल गर्दैछौं र अझ, अझै प्रतिनिधिसभातर्फको हेर्दा त त्यहाँ छलफल हुने कि नहुने भन्ने जुन अनिश्चितता छ, यसले हामीले सोचे जसरी जान नसकेको देखायो। चाहिँ यस्तो नहुँदा हुन्थ्यो भन्ने कुरा सबभन्दा पहिले म वर्तमान सरकारलाई यो सुझाव दिन चाहन्छु। जे सोचेर ल्याइएको थियो त्यसै अनुसार जाँदा राम्रो हुन्थ्यो। त्यसै अनुसार अगाडि बढाउँदा राम्रो हुन्थ्यो। किनभने सरकार अविच्छिन्न उत्तराधिकारवाला संस्था हो र छ। त्यही अनुसार जानुपर्थ्यो पहिलो कुरा। दोस्रो यो बजेट जुन हिसाबले आएको छ, अर्थतन्त्रमा चुनौती, अर्थतन्त्रका जुन चुनौतीहरू छन् ती चुनौतीहरूलाई अझै पनि अर्थतन्त्र चुनौतीमुक्त भइसकेको छैन भन्ने स्वीकार गरेर त्यो स्वीकारोक्तिका साथ यो सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिएको छ। यसको कार्यान्वयन कसरी हुने हो मैले अस्तिको दिन बोल्दा पनि भन्या थिएँ अर्थतन्त्रमा जुन खालको सङ्कट छ, त्यो सङ्कटको समाधान गर्ने गरी अबको बजेट आउँछ कि आउँदैन? मुख्य विषय त्यो हो। यो जुन खालका सिद्धान्त र प्राथमिकताहरू प्रस्तुत गरिएका छन्। यही आधारमा बन्ने बजेटले मुख्यत हाम्रो अर्थतन्त्रको सङ्कटलाई समाधान गर्न सक्छ कि सक्दैन? मुलुकमा उत्पादन वृद्धि गर्न सक्छ कि सक्दैन? रोजगारी सिर्जना गर्न सक्छ कि सक्दैन? यी तीनटा कुरामा ध्यान दिएर बजेट आएन भने हामी फेरि पनि कुरा त गर्छौं,

काम गर्न सक्दैनौं भन्ने मलाई लाग्छ। त्यसकारणले त्यतातर्फ अब अहिले त मन्त्रीजी नै यहाँ देखिनुभएको छैन। मैले रोस्टमबाट भनुँ कि नभनुँ? अर्थमन्त्रीजी हुनुपर्थ्यो यहाँ। हाम्रो यो सामान्यत यो धारणा चाहिँ अर्थमन्त्रीकै उपस्थितिमा छलफल गर्नुपर्छ भन्ने हिसाबले पनि आएको हो। आउनु भाछैन, यो सन्देश पुगोस्, मन्त्रालयका प्रतिनिधिहरू बस्नुभएको छ होला। कि आउने बजेट बनाउँदाखेरि चाहिँ यसैका आधारमा बने पनि यसलाई चाहिँ अझ मुलुकको आर्थिक सङ्कटलाई समाधान गर्ने, उत्पादन वृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने गरी बजेट ल्याइयोस्। पहिलो सुझाव म यो राख्न चाहन्छु। यो सिद्धान्त र प्राथमिकता जुन ६ वटा सिद्धान्त र १३ वटा प्राथमिकताका साथ आएको छ। यसको आधारमा बन्ने बजेटले मैले अघि भनेका तीनवटा कुराहरूको सम्बोधन गर्न सकोस्, त्यो शुभकामना तर म गाह्रो देख्छु। जसरी प्रस्तुत गरिएको छ, जसरी प्रस्तुत भएको छ त्यस हिसाबले हेर्दाखेरि यो सजिलो छैन गाह्रो छ भन्ने म चाहिँ देख्छु। अब यस्तै चाहिँ जलविद्युत र कृषिलाई, जलविद्युतलाई पहिलो र कृषिलाई दोस्रो प्राथमिकता दियो यसले। सुरुमा बोल्ने वक्ताले चाहिँ कृषिलाई प्राथमिकतामा राखेर त हुँदैन भन्नुभयो। म चाहिँ सहमत छैन। हाम्रो आधार कृषि नै हो। हामीले उत्पादन वृद्धि गर्ने भनेको कृषिबाटै हो र आत्मनिर्भरता कायम गर्ने भन्ने कृषिमै हो। जलविद्युत व्यापारका निम्ति, बेच्नका निम्ति कसैले किनिदिए भने न बेच्छौं हामी। किनिदिएन भने के हुन्छ? कृषि यस्तो क्षेत्र जो कोभिड १९ को बेलामा पनि टिक्यो। समाजलाई टिकायो। त्यसकारणले चाहिँ पहिलो कुरा त हामीलाई गास, बास र कपासकै कुरा गरेका छौं हामीले। त्यो निर्माण गर्ने कृषि क्षेत्रबाटै हो र सम्भावना छ। जमिन हामीकहाँ थोरै छैन, भएको जमिनलाई प्रयोग गर्न सक्ने हो भने पर्याप्त मात्रामा जमिन छ। मेरो पनि चिनियाहरूसँग कुराकानी भएको थियो। जतिबेला म कृषि मन्त्री थिएँ त्यतिबेलै र उनीहरूको भनाइ के छ भने हामीले कृषिमै आधारित भएर प्रगति गरेको भन्ने छ। अरू अरू प्रगति गरेका मुलुकहरूको पनि कुरा त्यही छ। त्यसले गर्दाखेरि चाहिँ कृषिलाई नै प्राथमिकता दिएर जानुपर्छ। र कृषिलाई प्राथमिकता, आजका कृषिका समस्याहरू के हुन् भन्ने कुराको पहिचान गरेर जानुपर्छ। आजको कृषिको सबैभन्दा ठुलो समस्या भनेको चाहिँ सिचाईंको समस्या हो।हामीले जति जमिनमा खेती गरेका छौं अहिले, त्यसको केवल १७% जमिन मात्रै बाह्रैमासे सिँचाइ हुन्छ। ८३% जमिनमा बाह्रैमासे सिँचाइ गर्न नसक्नेले कसरी खेत, कृषिबाट प्रगति गर्न सक्छौं त? त्यसले गर्दाखेरि चाहिँ पहिलो आवश्यकता सिँचाइको, दोस्रो आवश्यकता उन्नत बिउको हो, तेस्रो आवश्यकता आधुनिक प्रविधि र औजारको हो र उत्पादनपछि मल र त्यसका निम्ति चाहिँ नि मल, मल जुनसुकै किसिमको प्रयोग गर्दा पनि हुन्छ रासायनिक मल अहिले भर्खरै हामीले कटौती गर्न सक्दैनौं तर त्यसलाई विस्थापित गर्दै जानुपर्ने आवश्यकता छ प्राङ्गारिक मलको माध्यमबाट। त्यो, त्यो र त्यसपछि हाम्रो कृषि उपजलाई बजारको व्यवस्थापन

गर्ने र प्रशोधन गरेर उद्योगमा परिणत गर्ने हामीले निर्माण गर्ने उद्योग पनि कृषिमा आधारित बाहेक अरू खालका उद्योगहरू हुन सक्दैनन्। विदेशबाट कच्चा पदार्थ ल्याएर चलाइरहेका उद्योगहरूको हालत के भएको छ हामीले देखेका छौं। त्यसले गर्दाखेरि चाहिँ कृषिमा आधारित उद्योगहरू नै निर्माण गर्ने तर्फ जानुपर्छ, त्यतातर्फ चाहिँ यो सिद्धान्त र प्राथमिकताले चाहिँ सङ्केत गरे जस्तो ठान्दिनँ, त्यो छनक दिएको छैन। त्यसले गर्दाखेरि बजेट बनाउँदाखेरि यसका आधारमा मात्रै होइन यो हामीले चाहिँ अगाडि छलफल गर्दाखेरि संसदमा, सांसदहरूले राखेका प्रस्तावहरू, सुझावहरूलाई समावेश गर्ने गरी बजेट बनाउने प्रणाली पनि स्थापित गर्नुपर्छ भनेर पनि हो। त्यसले गर्दा यहाँ चाहिँ छलफलमा उठेका विषयहरू र छलफलमा सांसदहरूले दिएका सुझावहरूलाई समेत समेटेर बजेट बनाउने थालनी अबको कृषि, अबको अर्थमन्त्रीले गर्नुहुनेछ भन्ने विश्वासका साथ र यो चाहिँ कृषि क्षेत्रका जुन समस्याहरू छन् त्यो समस्याहरूलाई समाधान गर्ने गरी कृषिलाई नै पहिलो प्राथमिकतामा राखेर बजेट बन्नेछ भन्ने पनि विश्वासका साथ म केही सुझावहरू प्रस्तुत गर्न चाहन्छु। किनभने सुझाव दिएपछि त्यो सुझावहरूलाई समावेश गरी गरेर बजेट बनाउँछौं भन्ने हाम्रो प्रतिबद्धताका साथ हामीले यो प्रक्रियालाई परिवर्तन गरेका हौं। यो बजेट प्रस्तुत गर्ने तालिकालाई परिवर्तन गरेका हौं। त्यसो हुँदाखेरि म चाहिँ केही सुझावहरू राख्न चाहन्छु। धेरै भनिरहनुपर्ने विषय पनि खासै छैन। पहिलो बजेट आउँदाखेरि कृषिलाई पहिलो प्राथमिकतामा राखियोस् र यथेष्ट बजेट विनियोजन गरियोस्। कृषि क्षेत्रको लागि बजेट कम छ। म नै केही दिनसम्म अगाडि त्यहीं थिएँ, सिलिङ घटाउँछु भन्नुहुन्थ्यो योजना आयोगका उपाध्यक्षले सिलिङ्ग घटाउने होइन बढाउनुपर्छ कृषिमा त्यसरी ल्याइयोस्। दोस्रो चुरेको फेदीबाट हाम्रा नदीहरूलाई जोड्दै नहर निर्माण गरियोस् र सतह सिचाईबाट नै अब सिँचाइ प्रणालीलाई व्यवस्थित गर्न सकिन्छ जो भूमिगत जल अब घट्दै गएको छ। सतह घट्दै गएको छ हामीले अवश्य भूमिगत जलको प्रयोग गरेर जुन चाहिँ सिचाई गरिरहेका छौं कतिपय ठाउँमा त्यो चाहिँ व्यवहारिक रूपले अप्ठ्यारो छ त्यसले गर्दाखेरि सतह सिँचाइमै जानुपर्छ र हामीले चाहिँ चुरेको फेदीबाट नहर बनाएर हाम्रो समग्र तराई मधेसलाई सिचाई गर्ने व्यवस्था गर्न सक्नुपर्छ। त्यसो गर्यो भने मात्रै हामीले कृषिमा फड्को मार्न सक्छौं। त्यसका निम्ति बजेट विनियोजन गरियोस्। यस सम्बन्धमा मेरो वर्तमान प्रधानमन्त्रीज्यू त्यतिबेला म मन्त्री हुँदा पनि प्रधानमन्त्री हुनुहुन्थ्यो सम्माननीय प्रधानमन्त्रीज्यूसँग कुराकानी भएको छ र उहाँले यस दिशामा जाने कुरामा मलाई चाहिँ कन्भिन्स गर्नुभाथ्यो।मसँग चाहिँ सहमति जनाउनु भएको थियो। मैले उहाँलाई कन्भिन्स गर्या थैं भन्नुहुँदा म सँग चाहिँ सहमति जनाउनु भएको थियो। म फेरि पनि यो रोष्टमबाट जोड दिन चाहन्छु कि यो हाम्रा नदीहरूलाई जोड्दै सिँचाइको व्यवस्था गर्नेतर्फ पहिलो कुरा गरियोस्, त्यस हिसाबले बजेट आओस्। दोस्रो भनेको प्रयोग गर्ने हो, त्यसका निम्ति किसानहरूलाई

उन्नतशील बीउ, आधुनिक प्रविधि र औजार उपलब्ध गराउने व्यवस्था गरियोस्, तेस्रो रासायनिक तथा प्राङ्गारिक दुवै प्रकारका मलहरू यथेष्ट मात्रामा किसानलाई उपलब्ध गराउने व्यवस्था गरियोस्, कमसेकम गत वर्ष किसानले मलको समस्या भोग्नु परेको थिएन, अहिले भोग्न नपरोस् त्यो चाहिँ म सुझाव दिन चाहन्छु। कृषि भूमिको खण्डीकरणलाई रोक्ने र चक्लाबन्दी खेतीमा जाने कुराको व्यवस्थाका लागि बजेटको व्यवस्था गरियोस् र कृषि उपजको बजारको व्यवस्थापन गर्ने गरी जुन बजेट ल्याइयोस् र कृषिमा आधारित उद्योग खोल्ने र कृषि उपजलाई प्रशोधन गर्ने र मूल्य अभिवृद्धि गर्ने गरी, दोस्रो उत्पादन गर्नका लागि कृषिमा आधारित उद्योगहरूको व्यवस्था गर्ने गरी बजेट विनियोजन गरियोस्। भन्ने कुरा सुझावका साथसाथै अन्य पर्यटनलगायत र यो सूचना प्रविधि, पर्यटन, सूचना प्रविधि लगायत अरू क्षेत्रमा जुन खालका प्राथमिकताहरू दिएर यो सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिएको छ त्यसमा चाहिँ मेरो खासै धेरै टिप्पणी छैन। यिनीहरू ठिकै छन् भन्ने नै लाग्छ, यिनै धारणाहरूका साथ बिदा हुन चाहन्छु। हस्, धन्यवाद।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय मोहम्मद खालिद। समय ८ मिनेट। त्यसपछि माननीय नारायण दत्त मिश्र।

(१४:०३ बजे) <u>**माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**</u>:- सम्माननीय अध्यक्षज्यू, आज विनियोजन विधेयक २०२१ का सिद्धान्त र प्राथमिकतामा हामी छलफल गरिरहेका छौँ र यसका केही सकारात्मक पक्षहरू पनि छन्। र अरू ध्यान दिने पक्ष पनि छन् जसमाथि विचार गर्नुपर्छ। यो २९ बुँदे जुन यो प्राथमिकता र सिद्धान्त हामी कहाँ प्रस्तुत गरिएको छ त्यसमा बुँदा नम्बर ७ मा के भन्या छ भने अबको बजेट संविधानले प्रत्याभूत गराएको मौलिक अधिकार र राज्यका निर्देशक सिद्धान्तअनुसार त्यसका मर्म अनुसार बन्नेछ र त्यसका मर्म के छ भन्ने कि देशमा अहिलेसम्म शताब्दीऔंदेखि बहिष्करणमा परेका सबै खाले बहिष्करणमा परेका वर्ग र समुदायलाई राज्यको पहुँच दिउँ भनेर यसको मर्म थियो र यो सकारात्मक कुरो हो यसपालिको बजेट संविधानको मर्म र मर्यादा अनुरूप होस् भन्ने म शुभकामना दिन चाहन्छु, कम्तिमा यति कुरा त यहाँ ल्याएको छ। अर्को बुँदा नम्बर १० मा संविधानको मर्म अनुसार, मर्म अनुरूप समतामूलक समाज निर्माणका लागि स्रोत साधन र अवसरको न्यायोचित वितरण गरिनेछ। यसमा जुन एउटा शब्द अवसरको प्रयोग गरिएको छ त्यो पनि सकारात्मक हो। किनभने विगतका संविधानहरूले पनि कसैलाई अधिकारबाट वञ्चित गर्या छ भनेर भन्या छैन नि। कुनै पनि संविधानले जनतालाई अधिकारबाट वञ्चित गर्या छैन। तर यो

गणतन्त्रको संविधानको विशेषता हो कि यसमा अवसरको पनि कुरा गरेको छ। समान अधिकार, समान अधिकारका साथ समान अवसर पनि र यो बजेट यो सपनालाई साकार गर्ने प्रत्याभूति दिलाएको छ म त्यसको स्वागत गर्न चाहन्छु। अबका दलित, अबका मुस्लिम अबका जनजाति, अबका पिछडा वर्ग, अबका मधेसी, अबका मल्लाह, अबका सबै उत्पीडित वर्गले यो केरे खुसी हुने अवसर सायद पाउला कि, यो बजेटमा अवसरको पनि कुरा गर्या छ। न्यायको साथ साथ समान अवसरको पनि कुरा गरेको छ। बुँदा नम्बर ३ मा जलवायु परिवर्तन र वातावरणको कुरा जुन आएको छ त्यो सम्बन्धमा म के भन्न चाहन्छु भन्ने आज कृषिको कुरा आइरहेको छ, कृषिको सबभन्दा हाम्रो केन्द्रबिन्दु मधेस तराई मधेसको भूभाग हो। त्यहाँको उर्वर भूमि कुनै बेला नेपाललाई नै आत्मनिर्भर गर्थ्यो र आज हामीले अढाइ हजार करोडभन्दा बढीको चावल नै ल्याउनुपर्छ, किनेर ल्याएर खानु पर्ने अवस्था छ। कारण के छ भने वातावरण अनुकूल रहेन, सिँचाइको व्यवस्था छैन र पर्याप्त उपलब्ध जुन पानीको थियो, पानीको सतह थियो त्यो घट्दै गइरहेको छ। तपाईंले नदीनाला कोरेर पनि के गर्नुहुन्छ? नदीनाला सुकिरहेको छ। ह्यान्ड पाइप गाडेर के गर्नुहुन्छ? बोरिङ्ग लगाएर के गर्नुहुन्छ? त्यहाँ पानीको सतह गइरहेको छ। जङ्गलको विनाश भइसक्यो। अब चुरे उत्खनन् पनि हुन तीव्र गतिमा भइरहेको छ भन्ने सुनियाछ। त्यसले गर्दा यदि तराई मधेसमा वातावरणको संरक्षण गरिएन भने त्यो पूरा भूभाग मरभूमिमा परिणत हुन्छ र सिङ्गो नेपाल समस्यामा पर्छ भन्ने म ध्यान आकर्षण गराउन चाहन्छु। बुँदा नम्बर १५ मा मुलुकमा नै रासायनिक मल कारखाना खोल्ने, बाबा यो कुरा त गतवर्ष पनि आएथ्यो। अहिले त आउनुपर्ने कुरा के थियो भने रासायनिक मल कारखानाको सम्बन्धमा हामीले यति काम गरिसक्यौं अब बाँकी कामको बारेमा हाम्रो योजना यो छ। सबै वर्ष के हामी बाचा नै बाँड्ने, सपना नै बाँड्ने, सपना बाँड्ने काम हामी नगरौं। यो देशको मूलभूत आवश्यकता हो। यो आवश्यकतामाथि हामीले गम्भीरतापूर्वक ध्यान दिनुपर्छ। यसरी नै सायद सदनका साथीहरूलाई याद होला, यही सदनमा हामीले के सुन्या छौ भने देशका आर्थिक अवस्थालाई सुदृढ पार्नको लागि १ लाख ससाना उद्योग हामी खोल्नेछौं। कत्तिको उद्योग खुल्यो यो पनि त बहसको विषय नै हो। यदि यसरी नै हामी मात्र सपना बाँट्ने यथार्थ जुन कुरो छ त्यो कुरो यहाँ बजेटमा वा त्यसका प्राथमिकता वा सम्भावनामा हामीले ल्याउनुपर्छ। बुँदा नम्बर २१ मा अपाङ्गता, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक आधारमा हुने विभेद, सबै प्रकारका विभेद र कुरीतिलाई अन्त्य गर्न जोड दिइनेछ। म भन्छु यसमा एउटा विभेद छुटिरहेको छ। यो देशमा अब मात्र वर्गीय विभेद छैन। यो देशमा अहिले मात्र जातीय र क्षेत्रीय, भाषिक, लैङ्गिक विभेद छैन। यो देशमा अब धार्मिक विभेद पनि हुन गइरहेको छ। धार्मिक समुदाय विशेषमाथि उसको धर्मलाई मात्र आधार मानेर आज विभेद भइरहेको छ यो देशको लागि हितमा छैन हाम्रो जुन

गौरवमय इतिहास छ, नेपाली समाजको जुन इतिहास छ, जसलाई गुमाउन षड्यन्त्र भइरहेको छ। यदि तपाईं बजेटमा विगतको कुरा गरिराखु भएको छ भने सबभन्दा ठूलो विभेदको सिकार अहिले एउटा समुदाय विशेष भइरहेको छ भन्ने यो यतातिर म ध्यान आकर्षण गराउन चाहन्छु। त्यसरी नै बुँदा नम्बर २१ मा वित्तीय क्षेत्रको सुदृढीकरणको कुरा गरिएको छ। अब हाम्रो अर्थतन्त्रको सुधार कसरी हुन्छ? उत्पादनशक्ति बढाउने बाहेक अरू कुनै विकल्प छैन। आज हाम्रो वित्तीय निकायहरूमा निजी क्षेत्रलगायत साढे ८ खर्ब रुपैयाँभन्दा बढी ऋण दिने क्षमता अहिले पनि छन्। त्यो रुपैयाँ किन चलायमान भइरहेको छैन? लगानीमा किन गइरहेका छैनन्? हाम्रा कुन जटिलता छन्? कुन झन्झटिलो कुन प्रक्रिया छन्? कुन कुराबाट हाम्रा व्यापारी वर्गहरू मा उदासीनता छाएको छ? एक मिनेट माननीय सम्माननीय अध्यक्षज्यू, कुन कुराबाट यिनीहरू विचलित भइरहेको छन्। आज व्यापारीसँग सोध्नुस् गएर .....सँग भेट्नुस्। रोइराखेका छन्। त्यसरी अन्तमा म भन्न चाहन्छु यो बजेटमा सन्तुलित विकासको सन्तुलित बजेटको कुरा गरेको छैन। देशमा आज हेर्नुस्। मधेस यो प्रादेशिक संरचना अनुसार हैन तराई मधेसका पूरा भाग, भूभाग ५३% जनसङ्ख्या तर त्यहाँ बजेट जाने कति त १३ प्रतिशत, यसलाई सन्तुलित बजेट भन्न सकिँदैन। त्यसले गर्दा अब आउने बजेट सन्तुलित बजेट होस्। न्यायोचित बजेट होस्। सामाजिक न्यायतिर उन्मुख होस् भन्ने आशा गर्दै म बिदा लिन चाहन्छु। धन्यवाद। जय मधेस। जय मातृभूमि।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण दत्त मिश्र। समय ७ मिनेट। त्यसपछि माननीय तुलसा कुमारी दाहाल।

(१४:१२ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अर्थमन्त्री प्रस्तुत गर्नेवाला गइहाले, अर्को अर्थमन्त्रीले त्यही कुरा सुन्छन् कि सुन्दैनन्? अब के हुने हो? सम्माननीय अध्यक्ष महोदय, तत्कालीन अर्थमन्त्रीज्यूले पेस गर्नुभएको विनियोजन विधेयक २०८१ का सिद्धान्त र प्राथमिकतामा मलाई मनपरेका कुराहरू छन्। संघ, प्रदेश र स्थानीय तहको खर्च संरचनामा मितव्ययिता, सुशासन र पारदर्शिताको माध्यमबाट खर्चको प्राथमिक प्रभावकारिता सुनिश्चित गरिनेछ। राज्यबाट प्रदान गरिने सबै प्रकारका अनुदान र सुविधाहरूमा दोहोरोपना हटाई क्रमशः लक्षित वर्गकेन्द्रित हुने व्यवस्था मिलाइनेछ। त्यस्तै वैदेशिक अनुदान तथा सहुलियतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकता र प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गरिनेछ। सरकारी तथा लघुवित्त संस्थामा देखिएका समस्याहरू महसुस गरिएका छन्।

गत वर्षहरूमा ठेक्काबाट सिर्जित दायित्व भुक्तानी गर्नु चुनौतीपूर्ण बनेको छ। मुलुकले भोग्दै आएको न्यून उत्पादन र उत्पादकत्व, उच्च व्यापार घाटा, कमजोर निर्यात, आर्थिक दृष्टिले सक्रिय उमेर समूहको जनशक्ति पलायन जस्ता समस्याहरूको समाधान गर्नु प्राथमिकताको विषय भएको छ। चालु खर्चलाई नियन्त्रण गर्दै दोहोरो कार्यक्षेत्र भएका संरचना क्रमशः खारेज गर्दै लगिनेछ। जमिनको चक्लाबन्दी तथा बाँझो जमिनको उपयोग गरी व्यावसायिक खेतीलाई प्रोत्साहन गरिनेछ। कृषि क्षेत्रमा सिपयुक्त जनशक्ति र कृषि उद्यमीलाई गुरु किसानको रूपमा विकास गरी उद्यमी बन्न चाहने युवालाई प्रोत्साहन गरिनेछ। यस्तै किसिमका माथि लेखिएका यी नमुना मात्र हुन्। वास्तवमा यो पुस्तकमा भएको सिद्धान्त र प्राथमिकता सबै राम्रा छन्। म अलि फरक फरक ढङ्गले कुरा गर्न चाहन्छु। सिद्धान्त र प्राथमिकता मात्र राम्रो भएर राम्रो हुन सक्दैन। मूर्ति राम्रो बनाएर मात्र हुन सक्दैन। मूर्तिमा प्राण हाल्न सकिन्छ कि सकिँदैन? समस्या कहाँ छ? समस्याको चुरो कहाँ छ भने भन्सारमा छ। भन्सारमा २५०० कार्टुन सामान आयो भने ७०० कार्टुनको मात्रै बिल काटिन्छ। त्यो मात्र होइन उत्पादनको क्षेत्रमा जति जति उत्पादन हुन्छ त्यतिको महसुल लिइन्छ कि लिइँदैन ? रक्सीका बोतलहरूमा लाग्ने भ्याटको बिल, भ्याटको ट्याग सबैको रेकर्ड राखिएको छ कि छैन? बिक्री गर्ने कुरामा पनि तसर्थ मलाई लाग्दछ, यी सबै कुराहरूलाई नियमित गराउन सक्यौं, सबै किसिमका अनियमिताहरूलाई समाप्त गर्न सक्यौं भने करका दरहरू पनि बढाउनुपर्ने हुँदैन। यही करले देशले उन्नति गर्न सक्छ, देशमा तीन गुना राजस्व सङ्कलन हुन सक्छ। तसर्थ अर्थमन्त्रीज्यू नभएपनि अर्थमन्त्रीज्यूको प्रतिनिधि हुनुहुन्छ उहाँले भन्दिनुहुन्छ। त्यो भन्सारको हाकिम यही नै कुनै काम गर्ने हाकिमहरू मात्र खराब छन् कि त्यो खराबीको असर हामीसम्म पुगेको छ। त्यसकारणले त्यो खराबीलाई न्यूनीकरण गर्दै गयौं भने त्यो सिद्धान्त व्यवहारमा लागू गयौं भने अवश्य पनि हामी सफल हुनेछौं। र म केही कुराहरू राख्न चाहन्छु विप्रेषण, हामी कहाँ विप्रेषण आइरहेको छ। विदेशमा मजदुरहरूले काम गरेर ल्याएको रेमिटेन्स प्रशस्त आएको छ। रेमिटेन्सले के के काम गर्यो भनीकन घोटिएर सोच्दाखेरि मैले के सोचें भने जग्गाको भाउ बढाएको छ। जग्गाको भाउ बढेको छ, जग्गा बेच्ने मानिसहरूले त्यो पैसालाई विलासितामा प्रयोग गरेका छन्। त्यसकारणले रेमिटेन्सको सदुपयोग यो जग्गाको भाउ नबढ्ने तिर कसरी जान सकिन्छ? म त भएका कम्युनिष्ट साथीभन्दा अलि क्रान्तिकारी भएर कुरा गरौं कि जस्तो लाग्छ कुनै बेला होइन जग्गा सबै सरकारको बनाइदिने हामीसँग जो जोसँग जति जग्गा छ त्यो हामीलाई लिजमा दि-दिने। २० वर्षको लिज, २५ वर्षको, ३० वर्षको कति वर्षको लिजमा दिने हो? अनि त्यसपछि जग्गाको मूल्य बढ्दैन। विप्रेषण आदि इत्यादिबाट आएको पैसा उद्योग धन्दा कलकारखानामा लाग्छ। हामीले त आफ्नै जग्गाको भाउ बढाएका छौ। त्यसले मतलब खाली आफ्नो आफू सुविधाहरू मात्र

अगाडि बढाएका छौं। समय कति पो छ? घडी हेर्न पाएको छैन मैले। तैपनि पहिले विकास खर्च ६०% हुन्थ्यो र साधारण खर्च ४०% मात्र हुन्थ्यो। अहिले चालु खर्च बढेर यति चालु खर्च बढेको छ कि हाम्रो देशको हुने आम्दानीले चालु खर्च मात्र पनि धान्न सकेको छैन। बत्ती बल्न थाल्यो। मलाई थोरै यदि आधा मिनेटसम्म बढाउन सकियो भने समय बढाइदिनुहोला। गठबन्धन बदलिएको छ। गठबन्धन बदलिएको छ। टाउको उही उही छ। शरीर तीनचोटी बदलिएको छ। शरीर मात्र बदलियो र टाउको राख्दाखेरि समस्याको समाधान हुने हो कि होइन? शरीरमा मात्र रोग लागेको हो कि कहीँ टाउकोमा रोग देखिने त होइन? अबको गठबन्धन अबको बदलिने बेला "म खाउँ, मै लाउँ, सुखलसयल मोज म गरुँ। म हासुँ मै नाचुँ अरू सब मरुनदुर्बलहरू भनि दाह्रा धस्ने अबुझ सठ देखि छकपरि,चीता खित्का छोडि अभयसित हाँस्यो मरि मरि" कहीँ त्यो हालतमा पुगिने त होइन तसर्थ म टाउकोलाई खबरदारी गर्न चाहन्छु। शरीर मात्र बदलिएर रोग निको हुनेवाला छैन। त्यसकारणले टाउकोले आफ्नो खराबीलाई सम्झेर टाउकोले ठिक दिशा निर्देश गरीकन अगाडि बढोस् भन्ने थोरै कुरा राख्दै बिदा हुन्छु हस् त। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल। समय ५ मिनेट। त्यसपछि माननीय राजेन्द्र लक्ष्मी गैरे।

(१४:२० बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म राष्ट्रिय सभामा नवनिर्वाचित हुने सबै माननीयज्यूहरूलाई हार्दिक बधाई, कार्यकाल सफलताको शुभकामना भन्न चाहन्छु। सम्माननीय प्रधानमन्त्री लगायत सम्पूर्ण माननीय मन्त्रीज्यूहरूलाई पनि बधाई र कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। आज म यस सभाको बैठकमा विनियोजित विधेयक २०८१ का सिद्धान्त र प्राथमिकताको विषयमा आफ्ना केही भनाइहरू राख्न चाहन्छु। नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रिक राज्यको अवधारणा समाजवाद उन्मुख आर्थिक प्रणालीको जगमा राष्ट्र राष्ट्रियता जनताको पक्षमा उभिएर देश र जनताको हितमा जीवनस्तर उकास्ने, उठाउने गरी विकासको अवधारणालाई बढाउनुपर्ने र ल्याउनुपर्ने हो। विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताले नीति कार्यक्रमलाई पछ्याउनुपर्छ। नीति कार्यक्रमलेको मेल बजेट विनियोजनसँग हुनुपर्छ। एकअर्कामा तालमेल भएन भने राम्रो काम हुन सक्दैन। गरिबी निवारणको लागि राष्ट्रिय अर्थतन्त्रको विकास परिचालन आफ्नो देशको स्रोत साधनमा निर्भर रहँदै भर पर्दै राष्ट्रिय हितको

रक्षा गरी प्राथमिकताहरूको निर्धारण तय गरिनुपर्छ। हाम्रो देशको कृषि क्षेत्रमा आश्रित ६०% जनताको हितमा सिद्धान्त निर्धारण गर्दै कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन परम्परागत रैथाने बाली गुजारामुखी कृषि प्रणालीमा आमूल परिवर्तन गरी आत्मनिर्भरतातर्फ उन्मुख गराउँदै लैजानुपर्छ साना र मझौला उद्योगहरूको स्थापना, जमिनको पहिचान, कृषिको व्यवसायीकरण गर्दै धेरै उत्पादनको लागि जोनहरूको निदान गर्नुपर्छ। वितरण, बजार व्यवस्थापन पनि उत्तिकै आवश्यकता छ। कृषकहरूलाई कृषि फलफुल पशुपालन लगायतको लागि सहुलियतपूर्ण ऋण प्रवाह गरिनुपर्छ। बिमा व्यवस्थापन, कृषिमा आधारित उद्योगहरूको स्थापना, वैज्ञानिकीकरण, आधुनिकीकरण गर्दै कृषि उत्पादन सङ्कलनका लागि पूर्वाधारको निर्माण गरिनुपर्छ। सिँचाइ, प्रविधि, मल, बिउबिजनको पनि व्यवस्था गरिनुपर्छ र प्राथमिकीकरण गरिनुपर्छ।

सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्री ल्याउनुभएको विनियोजित विधेयकको सिद्धान्त र प्राथमिकताको गन्तव्य सही दिशा र गोरेटो पछ्याउन सकेको देखिँदैन। देशको अर्थतन्त्र सङ्कटमा छ। दिगो, सन्तुलित, उच्च आर्थिक वृद्धि हासिल गर्नका लागि वित्तीय, बाह्य क्षेत्र बैंकिङ क्षेत्रको पनि सम्बन्धित नीतिहरू तर्जुमा गर्न आवश्यक छ। मिटर ब्याजीहरू, पीडितहरू आन्दोलित छन्। कानुन बने पनि कार्यान्वयन हुन सकेन र उनीहरू अहिले राजधानी केन्द्रित आन्दोलनमा बसिरहेका छन्। गरिब र धनीको बीचको खाडल गहिरो छ। विभेदको अन्त्य गर्ने माध्यम भनेको समाजवाद उन्मुख अर्थतन्त्र हो। राज्य आर्थिक रूपमा बलियो हुनुपर्छ, राज्य आर्थिक रूपमा बलियो हुँदा सामाजिक न्याय, सुशासन, वातावरण संरक्षणलगायत शिक्षा, स्वास्थ्य जस्ता विषय जनताले सहुलियत पाउन सक्दछन्। यो विधेयकले निजी क्षेत्रलाई बलियो बनाउन खोजेको देखिन्छ अल्पविकसित देशबाट विकसित देश, राष्ट्र बनाउनेतर्फ तोकेको निर्धारण गरेको देखिँदैन। पर्यटनको विकासको लागि सडक पूर्वाधार, यातायात, देशको पहिचान दिने चिनाउने नेपालको मौलिक कला संस्कृति, ऐतिहासिक पुरातात्त्विक सम्पदाहरू, गढीहरू, पुराना दरबारहरू, पुरानो संसद भवन, मन्दिर, गुम्बाहरूको संरक्षण र व्यवस्थापन गर्ने आन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गर्न सकिन्छ। पर्यटन विकासको लागि सम्बर्द्धन र व्यवस्था गर्न आवश्यक छ। सम्माननीयज्यू, एक मिनेट थप्दिनुहोला मलाई। विकासको लागि व्यवस्थापन गर्न आफ्नो सकियो भने पर्यटनको व्यवस्थापनले देशको राष्ट्रिय आम्दानी पनि वृद्धि हुन सक्नेछ। पुर्खाको धरोहर जोगाउने, संरक्षण गर्ने दायित्व सरकारको हो। उत्पादनको साधनमा सबैको समान सहभागिता, कृषक, भूमिहीन, गरिबी निवारण गर्ने, आर्थिक असमानता कम गर्ने समावेशी, सन्तुलित विकासका लागि आवश्यक नीतिहरूको तर्जुमा गर्न आवश्यक छ। प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै सैद्धान्तिक पक्षलाई व्यवहारमा उतार्न आवश्यक छ। यसतर्फ

सरकारले प्राथमिकता तोकोस् भन्न चाहन्छु। राष्ट्रिय हित अनुकूलको अन्तर्राष्ट्रिय सम्बन्ध विकास, सीमाको सुरक्षा व्यवस्थापन, देशको सार्वभौमिकताको रक्षा, सहभागिता, मानव अधिकारको संरक्षण जस्ता विषयहरूलाई प्राथमिकीकरण गरिनुपर्छ। एक मिनेट दिनुहुन्छ कि भनेर पहिले भने फेरि अनुरोध गर्न चाहें। जनताको आधारभूत आवश्यकता गुणस्तरीय तथा जीवन उपयोगी शिक्षाको विकास गर्दै स्वदेशमा नै रोजगारी, शैक्षिक ऋण प्राप्त गर्दै युवालक्षित कार्यक्रमको आर्थिक अवस्था रुपान्तरण गर्न सकिन्छ। शिक्षाको लागि ठुलो धनराशि खर्च भइरहेको छ, यो रोक्ने तर्फ पनि सरकारको ध्यान जान आवश्यक छ। जातीय भेदभाव, महिला हिंसा, भूमिहीन, सुकुम्बासी, दलितहरूको लागि लैङ्गिक उत्तरदायीपूर्ण शासन प्रणाली, अशक्त, अपाङ्ग, असहाय, सडक मानवको व्यवस्थापन, जेष्ठ नागरिक आवास तथा अस्पताल निर्माण जस्ता महत्त्वपूर्ण विषयमा पनि प्राथमिकता तोकिनुपर्दछ। वैदेशिक रोजगारी असुरक्षित बन्दैछ। देशभित्र रोजगारी नपाउँदा ठुलो सङ्ख्यामा नेपालीहरू विदेशिएका छन् र उनीहरू सुन्दर सपना बोकेर गए पनि आज बन्द बाकसमा फिर्ता भइरहेका छन्। यो गम्भीर विषय हो यसतर्फ पनि सरकारले प्राथमिकता तोक्न आवश्यक छ। सरकारले स्वदेशमै रोजगारी सीपमुलक तालिम उद्यमशीलताको विकास गर्ने लक्ष्यका साथ स्वरोजगारी सिर्जना गर्दै सबै नागरिकलाई उत्पादनसँग जोड्नुपर्छ। आजको आवश्यकता पनि हो र यसतर्फ प्राथमिकता तोकोस् भन्न चाहन्छु। सडक यातायात, सुरुङ्ग मार्ग, रेल मार्ग, निर्माणाधीन द्रुतमार्ग, सडक सञ्जाल सदरमुकाम जोड्ने सडक, स्वास्थ्य केन्द्रहरूको स्थापना, खनिजहरूको अनुसन्धान उत्खनन्को खोजकार्य पनि राष्ट्रिय गौरवका आयोजनाहरू (.....समय सकिएको)।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय राजेन्द्र लक्ष्मी गैरे। समय ५ मिनेट। त्यसपछि माननीय भुवन बहादुर सुनार।

(१४:२६ बजे) **<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकिकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८१/८२ को बजेट विनियोजन विधेयक सिद्धान्त र प्राथमिकताको विषय आएको छ प्रस्तुत भएको छ। त्यो विषयमा हामी छलफल गर्न यहाँ उभिइरहेका छौं। सर्वप्रथम म नवनिर्वाचित भएर आउनुहुने माननीयज्यूहरूलाई हार्दिक स्वागत र उहाँहरूको कार्यकालको सफलताको शुभकामना भन्न चाहन्छु र म सिधै विषयवस्तुमा प्रवेश गर्न चाहन्छु। बुँदा नम्बर १४ जलविद्युतलाई अर्थतन्त्रको महत्त्वपूर्ण मेरुदण्डको रूपमा विकास गरी निर्यातमा जोड दिने, देशलाई धनी बनाउने, जनतालाई धनी बनाउने बुँदा नम्बर १४

मा आएको छ। सिद्धान्तहरू आउँदाखेरिमा सँगसँगै आउने बजेट र योजना पनि सँगै मिलेर आउनुपर्ने हुन्छ। त्यसो भएको हुनाले म त्यो विषयमा नै केन्द्रित भएर यो विषय उठान गर्न चाहन्छु र देशलाई धनी बनाउने कुरा स्वागतयोग्य छ। हाम्रो देशमा भएका अपार नदीनाला, सांस्कृतिक, पर्यटकीय, धार्मिक स्थलहरू, हाम्रो कालीगण्डकी तटका बासिन्दाहरूको जीवनस्तर सबैलाई हामीले नियालेर हेरिरहँदा हामी कालगण्डकी तटमा रहेका स्याङ्जा, पाल्पा र तनहुँका जनताको जीवनस्तरलाई माथि उठाउनको निम्ति कालीगण्डकीलाई नहरबाट सिँचाइ, वारीपारी सिँचाइ गर्ने कुरा, हरियाली बनाउने कुरा र धार्मिक हिसाबले हाम्रो देवघाट, केलादीघाट, रामघाट खोरियाघाट, गेजा, हुँगि, रामदीसम्मका हाम्रा गुफा मन्दिर, त्यहाँका ढुङ्गा हाम्रा शालिग्राम सबैको संरक्षण, कालीगण्डकीलाई कुरूप नगरेर, नगराउने गरी विकास गर्ने कुरा हामीले गर्यौं भने ठुलो जनसङ्ख्यालाई हामीले आत्मनिर्भर बनाउन सक्छौं। त्यसो भएको हुनाले यो आवाज मेरो मात्रै नभएर त्यो सबै, त्यो क्षेत्रको जनताको हो भनेर बुझिदिनुहुन, सोही अनुसार योजना ल्याइदिनु हुन म माननीय मन्त्रीज्यूलाई अनुरोध गर्न चाहन्छु। बुँदा नम्बर १५ मा आत्मनिर्भरताका लागि पहाड, तराइमा सिँचाइको व्यवस्था गरी उत्पादनमा वृद्धि गर्ने कुरा छ। यसमा म के भन्न चाहन्छु भने ३६ सालतिर, ३६/३७ सालतिर पाल्पा, रामपुर फाँटको नहर सिँचाइ योजना हामीले गरेका थियौं। हामीले करिब केही समय ३ खेती लगाएर जनताको उत्पादन वृद्धि भयो। त्यो जीर्ण भएसी अहिले एक खेती गर्न पनि नसक्ने र जमिनहरू सुख्खा भएको छ। हामीले त्यसलाई निस्केको पानीलाई हामीले त्यो नहरलाई मर्मत गर्ने बित्तिकै हाम्रो ठुलो जनसङ्ख्या, रामपुरको जनसङ्ख्यालाई आत्मनिर्भर बनाउन सकिन्छ।मर्मत सम्भारमा पनि त्यत्तिकै ध्यान दिनुपर्ने भएको छ। त्यसो भएर म ध्यान आकर्षण गराउन चाहन्छु। बुँदा नम्बर २३ मा युवाशक्तिको परिचालन गर्ने र उद्यमशीलतामा जोड्ने, रोजगारमा जोड्ने कुरा गर्नुभएको छ, राम्रो कुरा हो। आज युवाहरू शिक्षाको नाममा दिन प्रतिदिन बहिर्गमन भएको छ हिजो हामीले केही त्रुटि गर्यौं भन्ने मलाई लाग्दछ। हामी नर्सिङ कलेजहरूलाई, मेडिकल कलेजहरूलाई शिक्षण सिकाउने विद्यालयहरूलाई, क्याम्पसहरूलाई अनुमोदन नदिने, त्यसलाई चाहिँ साँघुरो बनाउँदाखेरि आज हाम्रा भाइबहिनीहरू भारतको बोर्डरहरूमा, बङ्गलादेश र युरोपियन देशहरूमा गएका छन् र धेरै दुःख पाएका छन्। असाध्यै दुःखसँग उनीहरूले आफ्नो पढाइलाई अगाडि बढाएका छन्। त्यसो भएको हुनाले अबको सरकारले सोच्नुपर्दछ, हिजो बाउआमा बिरामी हुँदा छोराछोरीले कुर्थे भने आज बाउआमा मरेपछि लासले छोराछोरी कुर्न पर्ने अवस्था आएको छ, यो गम्भीर विषय हो। त्यसो भएको हुनाले सबैले ध्यान दिनुपर्छ र त्यो अनुसारको योजना हुनुपर्छ भन्ने लाग्छ। म एक मिनेटको अनुरोध गर्छु माननीय अध्यक्षज्यूसँग। र यहाँ हाम्रो हामी राजनीतिकर्मी, राजनीतिक प्राणी, चर्चा परिचर्चा सहकार्यको उठ्यो। यो यहाँ मात्रै उठेको विषय होइन। सबै ठाउँमा

देशभरि, बाटाघाटा सबै ठाउँमा उठेको छ। तर राजनीति पार्टीहरू चल्ने विचारले र व्यवहारले नै हो। त्यो यात्रा नेपालीको लागि, नेपाली जनताको लागि हुनुपर्नेछ। त्यसो भएको हुनाले नेपाली जनताको निम्ति हामी सबै सहकार्य गर्ने एक ठाउँमा हुने कुरा पनि मैले देख्दछु। यही हिसाबले मैले लिएको छु। यति भनेर आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय भुवन बहादुर सुनार। समय ७ मिनेट। त्यसपछि माननीय नारायण दत्त मिश्र।सरी माननीय दुर्गा गुरुङ्ग। यो सच्याइएको छ। माननीय दुर्गा गुरुङ त्यसपछि।

(१३:३२ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी विनियोजन विधेयक २०८१ को सिद्धान्त र प्राथमिकताका विषयमा छलफल गरिरहेका छौं र जुन यो सिद्धान्त र प्राथमिकता गत वर्ष बरु कार्यान्वयन नभएपनि यो जाली तमसुक जस्तो धेरै कुराहरू त थपिएर आएको थियो। अहिले त त्यही शब्दहरूको पनि कञ्जुस्याइँ भएको देखिन्छ। यसले गर्दा यो सिद्धान्तमा सातवटा बुँदामा व्याख्या गरिएको छ र प्राथमिकतामा १४ वटा बुँदामा यसलाई चाहिँ व्याख्या गरिएको छ। तापनि यो प्राथमिकतामा पर्न नसकेको मौलिक अधिकारलाई कार्यान्वयनका सवालमा चाहिँ त्यस्तो उल्लेख्य विषय आइरहेको छैन। म के माग गर्छु भने समाजको पिंधमा रहेका समुदायहरू, सिमान्तकृत समुदायहरू लगायतको विषयमा चाहिँ राज्य गम्भीर बन्दिनुपर्छ र त्यो अनुसारको चाहिँ नीति र प्राथमिकतामा विषय आउनुपर्छ। जस्तै यो सैद्धान्तिक हिसाबले व्याख्या गर्दाखेरि त्यस्तै बुँदा नम्बर १० मा सामाजिक क्षेत्रको विकास र सामाजिक न्याय भनेर चाहिँ त्यसलाई बुँदागत गरिएको छ। त्यसमा स्रोत साधन र अवसरहरू, जो अवसरहरू नपाएको क्षेत्रमा पुग्नुपर्छ र त्यो चाहिँ वर्ग समुदाय चाहिँ लाभान्वित हुनुपर्छ यसको बारेमा अलि कञ्जुस्याइँ गरेर चाहिँ आइरहेको छ। बुँदै आउँदा त यस्तो कन्जुस्याइँ छ, बजेट आउने बेला के होला? त्यसले गर्दा मौलिक अधिकारमा मौलिक अधिकारको हकमा शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका यो सामाजिक, सामाजिक चाहिँ समृद्धिका विषयहरू चाहिँ रोजगारी र भूमि, आवास यीनिहरू चाहिँ जसरी वर्षौपिच्छे आउने गर्छन् तर व्यवहारमा चाहिँ पुगिरहेको देखिन्छ। जस्तै किटान गरेर कार्यान्वयनको पाटो चाहिँ अहिलेसम्म देखिरहेको छैन। र हामीले के अपेक्षा गरेका छम् भने यस वर्ष चाहिँ यी पक्कै पनि चाहिँ सम्भव छ। र यो प्राथमिकताका आधारमा यसलाइ प्राथमिकता दिएर जो जसरी चाहिँ अहिले एक नम्बरमा चाहिँ यो विद्युत विकासको विषय आएको छ। यो

एकदम महत्त्वपूर्ण छ किनभने नेपालका चाहिँ नदीहरू, हाम्रा नदीहरू चाहिँ बगेर गइरहेका छन्। यसलाई हामीले सदुपयोग गर्न नसक्दाखेरिमा लामो समयसम्म हामीले यो चाहिँ आर्थिक चाहिँ उन्नतिमा हामीले लिन सकिरहेका थिएनौं र अहिले पछिल्ला दिनहरूमा जसरी ठुल्ठुला जलाशयहरू निर्माण हुन थाले, यो हाइड्रो पावरहरू निक्लिन थाले। यसले गर्दा देशमै उपयोग गरेर बढी भएको चाहिँ यो नवीकरण ऊर्जाहरू चाहिँ बिक्री वितरण गरेर पनि हामी हाम्रो देशको चाहिँ यो निर्यातलाई प्रवर्धन गर्न सकिन्छ र देशै समृद्ध बन्न सक्छ। त्यसका साथै फेरि कृषि, कृषि त हिजो पनि कृषि र चाहिँ हाम्रो चाहिँ मेरुदण्डको रूपमा लिइएको हो र दुईटा प्रणाली अहिलेसम्म भइरहेको जस्तै निर्वाहमुखी कृषिले हिजो चाहिँ त्यत्रो चाहिँ कोभिडको बेलामा पनि आत्मनिर्भर हुने चाहिँ अवस्था सिर्जना गर्‍यो र देशको विकास गर्नलाई त्यो निर्वाहमुखी कृषिले मात्रै नपुगेर व्यावसायिक कृषि पनि आवश्यक छ।  र यसलाई त्यसरी नै प्रवर्धन गर्न सकियो भने हामी वास्तवमा हाम्रो रोजगारी पनि त्यहाँ छ। र हाम्रो आर्थिक उन्नति नि त्यहाँ छ। तर हामीले आर्थिक उन्नति गर्नलाई आवश्यक सिँचाइ असाध्यै महत्त्वपूर्ण कुरा छ र सिँचाइको बारेमा चाहिँ अहिलेसम्म राज्यको लगानी कम छ। हामीले चाहिँ हाम्रा चाहिँ खोलाहरूलाई हाम्रा नदीहरूलाई फेरी सुख्खा टारहरू तिर फर्कायौं भने हाम्रो चाहिँ कृषि चाहिँ कृषि उत्पादन चाहिँ वृद्धि गर्न सकिन्छ। त्यस्तै अलि हामीसँग मलका हाहाकार पनि वर्षैपिच्छे सुन्ने गरेका थियौं। हुन त गतवर्ष त त्यो कृषिको चाहिँ समस्यामा चाहिँ रासायानिक मल उपलब्धै भको छ र यो वर्ष पनि त्यो होस् भन्ने चाहिँ अपेक्षा गर्दछु। जस्तै हामीले कृषिमा कृषि उत्पादन गराउनलाई रासायानिक मल सँगसँगै प्राङ्गारिक मल पनि आवश्यक छ। यो उत्पादन गर्नुपर्छ, हुनुपर्छ भनिराखेका छौं। तर अहिले ठुल्ठुला चाहिँ यो पशुपालनहरू हटेका छन्। हिजो गाउँ सबै गाउँमा चाहिँ सबैले चाहिँ वस्तु पाल्थे र यो मल उत्पादन हुन्थ्यो। अहिले यो मान्छेले चाहिँ पशुपालन गर्न छोडिसके। कोही कतै फार्मका रूपमा रहे मात्रै पहाडतिर त अझ भन्ने हो भने वस्तु पाल्नै छोडिलाग्न लाइसके। त्यसले गर्दा हामीले  पशुपालनलाई चाहिँ एकदम प्राथमिकतामा राखेर यो प्राङ्गारिक मललाई जोड दियौं भने यो कृषि मल र यो चाहिँ रासायानिक मललाइ जोडेर हामीले चाहिँ प्राङ्गारिक मल र रासायानिक मललाइ जोडेर चाहिँ कृषि उत्पादन गर्न सकिन्छ यो भयो भने बल्ल हामी आत्मनिर्भर हुन्छौं।  रोजगार रहन्छ र बल्ल चाहिँ हामी समुन्नत रहन सक्छौं। अहिले आर्थिक अवस्था चाहिँ बिग्रिरहेको अवस्था यसलाई चाहिँ सुधार्नलाई जानुको सट्टा यो अफवाह फैलाएर नेपाल चाहिँ श्रीलंका हुँदैछ। के छ यस्तो भन्दिँदाखेरिमा मान्छेहरू चाहिँ उपभोक्ताहरूमा चाहिँ आशङ्का पैदा हुने लगानीमा पनि आशङ्का पैदा हुने  र यो चाहिँ आर्थिक चाहिँ आर्थिक अवस्था चाहिँ एउटा सशंकित अवस्था रहिरहेको छ। र यसलाई ढुक्कसँग लगानी गर्ने वातावरण बनाउनुपर्छ र जब चाहिँ सानो उद्योगहरू चल्छ। उत्पादनहरू हुन्छ। अन्य चाहिँ

राजस्वहरू उठ्छ र चाहिँ हाम्रो चाहिँ हाम्रो चाहिँ आर्थिक उन्नति हुन्छ। आर्थिक रूपमा चाहिँ हामी आत्मनिर्भर बन्न सक्छौं। जुन अहिलेको सङ्कट छ यसको समाधान भनेको नै हाम्रा उद्योगहरू, हाम्रा उपभोक्ताहरू, हाम्रो बजारहरू चाहिँ चलायमान हुनुपर्छ जो हुन सकिरहेको छैन भन्दै मेरो चाहिँ भनाइ यहीं अन्त्य गर्छु। हस्, धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय दुर्गा गुरुङ। समय ५ मिनेट। त्यसपछि माननीय गोपाल भट्टराई।

**(१४:४० बजे) माननीय श्री दुर्गा गुरुङ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू नवनिर्वाचित माननीय ज्यूहरूमा सफल कार्यकालको शुभकामना दिन चाहन्छु। अर्थमन्त्रीज्यूले यही फागुन २४ गते सदनमा पेस गर्नुभएको आर्थिक २०८१/८२ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा माथि म आफ्ना केही धारणा राख्न चाहन्छु। उभिएकी छु। अर्थमन्त्री यो चालु आर्थिक वर्षको बजेट छलफलमा हामीले राखेका सुझावहरूलाई स्वीकार गर्दै तीन महिना अगाडिदेखि नै आगामी आर्थिक वर्षको बजेटबारे छलफलको सुरुवात गर्नुभयो। सांसदहरूको काम कानुन बनाउने मात्र होइन राज्यले अङ्गीकार गर्ने मूल नीतिहरूको तर्जुमा गर्ने तथा सरकारले वर्षैपिच्छे ल्याउने नीति तथा कार्यक्रम र बजेट निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पनि हो भन्ने कुरालाई पुष्टि गर्दै यो नयाँ परम्पराको थालनी भएको छ म अर्थमन्त्रीज्यूको यो कामको प्रशंसा गर्न चाहन्छु। र अर्थमन्त्रीज्यूलाई धन्यवाद दिन पनि चाहन्छु।

सम्माननीय अध्यक्षज्यू अर्थमन्त्रीज्यूले २३ पेजको अत्यन्तै खँदिलो र गहकिलो पुस्तिकामा विनियोजन विधेयक २०८१ का सिद्धान्त र प्राथमिकतामा सदन मक्ष पेस गर्नुभएको छ। अहिलेको हाम्रो आर्थिक अवस्थाको सटिक विश्लेषण र आगामी वर्षमा गरिने क्रियाकलापका प्रक्रियासहित उल्लेख गर्दै २९ वटा बुँदामा यो आएको छ। यसले सबै विषय र क्षेत्र पनि समेटेको छ भन्ने मलाई लागेको छ। त्यसैले म यसको समर्थन गर्दछु र समयलाई ख्याल गर्दै एउटा दुईटा सुझाव राख्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, हाम्रो हाम्रो देश सानो छ तर प्राकृतिक स्रोत र सम्पदाले ठुलो र धनी पनि छ। स्रोत र सम्पदाले देश धनी हुने यही देशका बासिन्दा हामी चाहिँ गरिब किन? माटो चित्र हेरौं त। हाम्रो जल सम्पदाले हजारौं मेगावाट बिजुली दिन सक्छ। मिनरल वाटरभन्दा शुद्ध पानी हामी बाहिर निर्यात गर्न सक्छौं। हाम्रो वनजङ्गलले ठुलो परिमाणमा

अक्सिजन दिएर दुनियालाई बचाइरहेको छ। हाम्रो जमिनले भारी मात्रामा खाद्यान्न उत्पादन गर्न सक्छ। हाम्रा जडीबुटी बाहिर बाहिर लगेर औषधि उद्योग चलिरहेका छन्। सम्माननीय अध्यक्षज्यू, हाम्रो प्राकृतिक सुन्दरता तुलनामा छ। जसले संसारलाई नै हामीतिर तान्न सक्छ। हाम्रो सामाजिक संस्कृति अवस्थाले धेरै अध्येता र धार्मिक आस्था बोक्ने मानिसहरूलाई यहाँ ल्याउन सक्छ तर पनि किन यस्तो भइरहेको छैन। हामीले हाम्रा प्राकृतिक स्रोत र सम्पदालाई ठिक ढङ्गले प्रयोग गर्न जानेनौं कि ठिक ढङ्गले प्रयोग गर्न सकेनौं? संसारका ठुला ठुला मरुभूमिहरू हराभरा हुने, ठुलाठुला सहरमा विकसित हुने र खरबौं खरबको आर्थिक आम्दानी गर्न सक्ने, हाम्रा हराभरा र उत्पादनशील जमिन चाहिँ बाँझै रहने र मरुभूमिमा परिणत हुँदै जाने हाम्रा दाजुभाई दिदीबहिनी र छोराछोरीहरू तीनै हिजोका मरुभूमिमा गएर रोजगार सम्माननीय अध्यक्षज्यू, मलाई एक मिनेट थप्दिनुहोला। रोजगार गरी खोज्नुपर्ने अनि तिनैले पठाएको रेमिटेन्सले आफ्नो परिवार तथा देशको अर्थतन्त्र धान्नपर्ने जस्तो अत्यन्त विडम्बनापूर्ण अवस्थामा हामी छौं। अर्थमन्त्रीज्यूले जुन ढङ्गले आगामी बजेटका सिद्धान्त र प्राथमिकतालाई किटान गर्नुभएको छ। यो दयनीय आर्थिक अवस्थाबाट देशलाई मुक्त गराउन यही अनुसार नै नीति तथा कार्यक्रम र बजेट आउनुपर्छ भन्ने मलाई लागेको छ सम्माननीय अध्यक्षज्यू, म राष्ट्रिय सभाको सदस्यका साथै नेपाली कांग्रेसका आदरणीय स्वर्गीय नेता बीपी कोइरालाको प्रजातान्त्रिक समाजवाद नेपाली कांग्रेसको आदर्श लक्ष्य हो। यो समाजवाद नेपाली जनताको स्वीकार गर्न सक्ने समाज व्यवस्था हो बीपीले भन्नु हुन्थ्यो रे नेपाल किसानको मुलुक हो जसले किसानको भलो गर्छ, गाउँलाई चिनेको छ, गाउँमा बस्ने मानिसको अवस्था बुझेको छ र गाउँको भलाइको नीति लिन्छ। सम्माननीय अध्यक्षज्यू, गाउँको विकासको कार्यक्रम बनाउछन् त्यही नै समाजवादी नीति र कार्यक्रम हो, त्यसरी नै गाउँलाई जोड दिँदै यहाँ भन्नुहुन्थ्यो रे नेपाल गाउँको गाउँ हो र नेपालको विकास भन्नु नै गाउँको विकास हो (..... समय सकिएको)

**सम्माननीय अध्यक्ष**:- माननीय गोपाल भट्टराई। समय ५ मिनेट। त्यसपछि माननीय मायाप्रसाद शर्मा।

(१४:४६ बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त भर्खरै निर्वाचित भएर यो सदनमा आउनुभएका सम्पूर्ण माननीयज्यूहरूलाई हार्दिक बधाई र सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु। साथै भर्खरै पुनर्गठित मन्त्रिपरिषद्, प्रधानमन्त्रीलगायत सम्पूर्ण मन्त्रीहरूलाई बधाई र कार्यकाल

सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, २०८१ सालको बजेटको प्राथमिकता र सिद्धान्तहरूमा छलफलको चरण छौं। हाम्रो बजेटको प्राथमिकता समाजवाद उन्मुख अर्थव्यवस्थामा आधारित हुनुपर्ने हो त्यसतर्फ यसले राम्रो गरी सम्बोधन गर्न सकेको छैन। अहिले हाम्रो मुलुक मुलुकको अर्थव्यवस्थालाई दलाल नोकरशाही पुँजीवादको प्रभाव, नोकरशाही पुँजीवादको प्रभाव बढीरहेको छ। राष्ट्रिय पुँजीको विकासमा त्यसले बढी प्रभाव पारेको छ। हाम्रो समग्र अर्थतन्त्रलाई नै प्रभाव पारेको छ। त्यसको जुन उदाहरण हो एनसेल प्रकरण। लगानी भित्रियो तर त्यसमार्फत आर्जित पैसा त गयो गयो राज्यलाई तिर्नुपर्ने समेत नतिर्ने अवस्थाले हाम्रो जस्तो अल्पविकसित राष्ट्रको हालत के होला? त्यसकारण यस्तो लगानी भित्रिन दिनु हुँदैन विदेशी लगानी भित्रिँदा भित्र्याउँदा देशमा रोजगारी सिर्जना हुने तथा राज्य नियन्त्रित हुनुपर्छ भन्ने मलाई लाग्छ। अध्यक्ष महोदय, हामी आगामी आर्थिक वर्षको चर्चा गर्दा चालु वर्षको सिद्धान्त र प्राथमिकतामा तर्फ पनि ध्यान जानुपर्छ जस्तो लाग्छ। २०८० सालको प्राथमिकता र सिद्धान्तको बुँदा नम्बर १० मा निजी क्षेत्रलाई आर्थिक वृद्धिको सम्वाहकको रूपमा विकास गरिनेछ। र गैर आवासीय नेपालीको सीप, पुँजी  र प्रविधिलाई आकर्षित गरेर लगानी बोर्डको रूपमा परिचालन गर्ने नीति लिइनेछ भनिएको थियो। त्यसको प्रगति के छ? सामान्य समीक्षा हुनु जरुरी छ। नेपालमा अहिले पनि ६०% भन्दा बढी जनशक्ति कृषिमा भर पर्दछ। कृषिको आधुनिकीकरण अहिलेको प्रमुख कार्य हो। त्यसतर्फ कुरा त उठेका छन् तर योजनाबद्ध काम हुन सकेको छैन। अहिले पनि उत्पादन लागत बढी छ, त्यो उत्पादन पनि बजारीकरणको समस्या अवस्था कमजोर छ। अहिले पनि किसानले उत्पादन गरेको दुधको मिल्क होलिडेको अवस्था छ।  त्यसकारण उत्पादन र बजारीकरणको उचित व्यवस्थापनको लागि तत्काल पहल आवश्यक छ भन्ने मलाई लाग्छ। त्यसो भएन भने नैराश्यता बढ्ने र अझ बढी जनशक्ति पलायन हुने खतरा रहिरहन्छ।  सिद्धान्त र प्राथमिकताको प्राथमिकता विद्युत व्यापार बनाइएको छ, यो समस्याको पूर्ण समाधान होइन। विद्युत उत्पादन र खपतको योजना बनाउनु, बनेर मात्र देशमा रोजगारी सिर्जना हुन सक्छ। त्यसकारण विद्युत खपतको लागि उद्योगमैत्री वातावरण आवश्यक छ र मात्र त्यसले रोजगारी समेत सिर्जना गर्न सक्दछ। यसतर्फ सिद्धान्त र प्राथमिकतामा सम्बोधन हुन सकेको छैन। अहिलेको आवश्यकता कृषिको आधुनिकीकरण नै प्राथमिक रूपमा हुनुपर्छ भन्ने मलाई लाग्छ। त्यसो भयो भने मात्रै ६०% भन्दा बढी किसानहरूकोले त्यसमा सहभागिता भएको हुनाले उनीहरूको प्राथमिकतामा त्यो पर्नुपर्छ।  त्यो परेको देखिएन त्यसतर्फ ध्यान जानुपर्छ भन्ने भनाइका साथ मेरा भनाइहरू अन्त्य गर्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय माया प्रसाद शर्मा। समय ८ मिनेट।

(१४:५१ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम नवनिर्वाचित सम्माननीय प्रधानमन्त्रीलगायत मन्त्री, सबै माननीय मन्त्रीज्यूहरू र निर्वाचित हुनुभएका सबै राष्ट्रिय सभाका माननीय सदस्यज्यूहरूलाई हार्दिक बधाई सहित सफल कार्यकालको भव्य शुभकामना व्यक्त गर्न चाहन्छु। र हामी विनियोजित विधेयक २०८१ को सिद्धान्त र प्राथमिकतामा छलफल गरिराखेका छौं। र केही सजिलो, केही अप्ठ्यारो, हामीलाई सजिलो भएको छ। किनभने हामी सत्तापक्षमै छौं। अब कतिपयलाई अलि अप्ठ्यारो पर्या छ, यसलाई समर्थन गरौं, विरोध गरौं। पहिले समर्थन गरेकोले विरोध गर्न अप्ठ्यारो, पहिले विरोध गर्याले समर्थन गर्न अप्ठ्यारो परिआएको छ। मैले के बुझेको छु भने यो सर्वसम्मत पारित हुन्छ भन्ने बुझेको छु। र सबैले विरोध गर्दा गर्दा, समर्थन गर्दा गर्दा, भन्दा भन्दा कुनै कुनै विरोध गरेको पनि अर्थ नहुने कुनै कुनै समर्थन गर्या पनि अर्थ नहुने यसकारण यो सर्वसम्मत हुन्छ भन्ने मलाई लागेको छ। र यो हुँदाखेरि हामी जो यहाँ उपस्थित छौं मैले यो यसो हेर्दाखेरि हामी धेरै राष्ट्रिय सभाको गरिमा बढेको छ भन्ने मेरो आफ्नो बुझाइ रहेको छ। केही माननीयज्यूहरू, महत्त्वपूर्ण माननीयज्यूहरू उपस्थित हुनुहुन्छ। सबै महत्त्वकै छौं फेरी हामी नमहत्त्वका पनि हैनौं। आज थप पनि यसको आज केही गरिमा बढाउनका लागि महत्त्वपूर्ण उसको माननीयज्यूहरूको उपस्थिति छ। यसको कतिपय यसलाई अप्ठ्यारो भो भन्दै असजिलो व्यक्त गर्दै जाने कुरा भन्दा यसलाई गरिमा कसरी बढाउने, अगाडि बढाउने, प्रभावकारी कसरी बनाउने? राष्ट्रिय सभा अनिवार्य आवश्यकता हो भन्ने कुरा कसरी बनाउने भन्ने कुरामा जोड गर्नुपर्छ जस्तो लाग्छ मलाई। त्यही आशा र अपेक्षा गरेका छौं र छलफल सकारात्मक ढङ्गले गइराखेको स्थिति देख्छु। र यो प्राथमिकता, सिद्धान्त र प्राथमिकताको हिसाबले हामीले यो सरकारले गरेको नयाँ काम भनेको "आयो बाघ हाल्यो कहला" भनेर भन्ने हाम्रो एउटा उखान छ। उत्तिबेलै छलफल गर्ने, प्राथमिकताको बारेमा छलफल, नीति तथा कार्यक्रमको बारेमा, बजेट छनौटको बारेमा, कार्यान्वयनको बारेमा एकैपटक छलफल गर्ने पद्धति प्रक्रिया लामो समयदेखि जो भद्दा संशोधनवादी संसदवादी पद्धति थियो, त्यो आज अलि प्रगतिशीलतिर गएको छ। किनभने हामीले तीन महिना अगाडिदेखि नीति तथा कार्यक्रमको उसको सिद्धान्त तथा प्राथमिकतामा हामी छलफल गर्न गइराखेका छौं। यसले धेरै सुधार गर्न सक्ने स्थिति सिर्जना गरेको छ। परिमार्जित गर्न सक्ने थपघट गर्न सक्ने विधिको

विकास गरेको स्थिति छ। र यसले अर्कोतिर भन्दा यसले अलि निश्चित गरेको जस्तो मलाई लाग्छ। हैन करिब संघ, प्रदेश र स्थानीय तहमा पनि केही निश्चित गरेको मापदण्डहरू निश्चित गरेको जस्तो देखिन्छ। यसकारण यो नयाँ हो भन्ने मलाई लागेको छ। अनि यो सिद्धान्त तथा प्राथमिकताका विषयमा पहिलो हामी सिद्धान्त तथा प्राथमिकतामा छलफल गर्ने त्यसपछि नीति तथा कार्यक्रम बजेट विनियोजित र कार्यान्वयन यिनी चारवटा श्रृङ्खलामा छलफल बजेट हाम्रो देशको बारेमा छलफल हुने गर्छ। सिद्धान्त र नीति अलि कस्तो छ भनेर भन्ने कुरालाई पहिलो लिने, त्यसपछि नीति कार्यक्रम कस्तो बनाउँछु बजेट कसरी विनियोजित गर्छौं र कार्यान्वयन प्रक्रियामा लिंदाखेरि सफल भयो कि भएन भनेर भन्ने कुरा देखा पर्छ। यिनीमा हामीले हेर्छौं र यसलाई कार्यान्वयन यसको उसको सिद्धान्ततः यसलाई प्राथमिकता दिँदाखेरि नेपालको संविधानले परिकल्पना गरेको लोक कल्याणकारी राज्यको अवधारणा यसले समेट्नुपर्छ। हाम्रो संविधानले के भन्न खोजेको छ, कता जान खोजेको छ, के देखाउन खोजेको छ? यसलाई यसले एउटा केही समेट्नुपर्छ। नीति सिद्धान्त प्राथमिकताले त्यतातिर ओरियन्टेसन हुनुपर्छ। अब समाजवाद उन्मुख आर्थिक प्रणालीको जग निर्माण गर्ने हामीले यसको प्राथमिकतामा राख्नुपर्छ। हामी संविधानतः हामीले सर्वसम्मत ढङ्गले संविधानमै के लेखेका छौं भने समाजवाद उन्मुख राज्य संरचना भनेका छौं। यो राज्य संरचना, त्यता जानका निमित्त यसले ओरियन्टेसन गर्नुपर्छ। तीव्र विकास, एउटा विकास निर्माणको जग यो जनआकाङ्क्षा छ, यसलाई जग हाल्नुपर्छ भन्ने जो जनआकाङ्क्षा छ यसलाई यसले समेट्नुपर्छ। आत्मनिर्भर अर्थतन्त्रको विकासद्वारा तीव्र बेरोजगारी समस्याको हल गर्नेतिर यसले प्राथमिकता पाउनुपर्छ। र तब मात्र यसले के गर्छ भने अगाडि बढ्नका निमित्त केही एउटा बाटो खोल्छ। र हामीसँग संसदीय एउटा संघीयता छ। त्यसमा संघ प्रदेश र स्थानीय तह छ। यसलाई उचित सम्बोधन गर्ने कुरामा ध्यान दिनुपर्छ। कार्यान्वयन गर्ने पक्ष तल छ। तल नै रकम बढी जाने कुरामा विशेष जोड गरेर लिनुपर्छ। स्थानीय तहमा प्रदेशमा संघले र त्यसपछि गएर कार्ययोजना प्रदेशले, कार्यान्वयन स्थानीय तहले गर्यो भने प्रभावकारी हुन्छ र हाम्रो संघीयताको मर्मअनुसार अगाडि बढ्ने देखिन्छ। र यसले उल्लेख गरेका विषयहरूमा निजी क्षेत्र र लगानी प्रवर्धनमा जोड गरेको छ। उठाउन खोजेको छ। यसले समस्या यहाँ छ यसलाई समाधान हामीले निजी क्षेत्रमा अलिकता लगानी बढायौं भने यो अलि अगाडि बढ्न सकिन्छ भन्ने कुरा यो प्राथमिकतामा राखेको छ। सिद्धान्ततः यो अगाडि बढाउन खोजेको छ। संघीयता र सुशासन प्रवर्द्धन गर्ने कुरामा उठाउन खोजेको छ। संघीयतालाई अलिकता मैले पहिले पनि भने, माथिदेखि तलसम्म, तल अलि रकम दिनुपर्छ माथि ३ करोडभन्दा,

छलफलमा आएको संघमा ३ करोड भन्दा माथि, प्रदेशमा २ करोडभन्दा माथि र तल अब त्यो भन्दा जाने हाम्रा साना साना छोटा छोटा योजनाहरू थिए यसलाई अलिकति यसले संघीयतालाई उजागर गर्न खोजेको, सामाजिक क्षेत्रको विकास र न्यायमा अहिले अलिकता जोड गर्न खोजेको देखिन्छ। सामाजिक क्षेत्रमा हाम्रा समस्याहरू जो छन् तिनलाई उजागर गर्न खोजेको र यसलाई नयाँ सम्पादन गर्न सक्ने स्थिति देखा परेको देखिन्छ।दिगो विकास र जलवायु परिवर्तनका विषयहरू जो उठेका छन् यसमा अलिकता उठाउन खोजेको देखिन्छ। दिगो विकास समिति कसरी गर्न सक्छौं र जलवायु परिवर्तन जसरी भएको छ यसलाई निरूपण कसरी गर्न सक्छौं भन्ने कुरालाई यसले देखाउन खोजेको छ। कृषिको आधुनिकीकरण र व्यवसायीकरणमा जोड गर्छ। कृषि हाम्रो महत्त्वपूर्ण चिज हो। यो जसले भने पनि के हुन्छ? कृषि शिक्षा र स्वास्थ्य यिनी महत्त्वपूर्ण विषय हुन् भन्ने मलाई लाग्छ। खान पाए स्वस्थ हुन्छ, राम्रो हुन्छ। पढ्न पाए चेतना आउँछ र स्वस्थ उसको स्वास्थ्य, औषधि उपचार पायो भने स्वस्थ हुन्छ। हामी स्वस्थ भयौं, खाना पायौं र विवेक भयो भने सबभन्दा चल्ने कुरा त्यही हो। त्यसैमा हामीले जोड गर्ने कुरा हो र यसैलाई अलिकता उठाउन खोजेको छ। पर्यटन र सूचना प्रविधिको विकासका लागि जोड गरेको छ, उठाउन खोजेको छ। विद्युत उत्पादन र वितरणका बारेमा उठाउन खोजेको छ। र वित्तीय क्षेत्रमा एउटा शुद्धीकरणका बारेमा केही आर्थिक मन्दी छ। उसको यसलाई अलिकता कसरी उठाउन सकिने भन्ने छ। अन्तर्राष्ट्रिय क्षेत्रको सहयोगको विषयमा उल्लेख गर्न खोजेको छ। त्यसकारणले मुलतः के देखिन्छ भने नीति कार्यक्रम मध्येको जो आउन खोजेको, यसले सिद्धान्त र प्राथमिकतालाई नीति कार्यक्रमको आधार बनाउन जो मद्दत गरेको छ, यो सही छ भन्ने मेरो आफ्नो बुझाइ छ। र हाम्रो सञ्चारमन्त्रीजी यहाँ उपस्थित हुनुहुन्छ। माननीय मन्त्रीज्यू, यो सञ्चारमा म छोटो मात्रै भन्छु कि यो राष्ट्रिय सभालाई सञ्चार क्षेत्रले अलिकता न्यूनीकरण गरेको अनुभूति हुन्छ किनभने उता अलि हल्लाखल्ला हुन्छ। अलिअलि थोथोरै सानातिना गालीगलौज पनि हुन्छ। थोथोरै हात मैलो गरिहालौं कि भन्ने जस्तो पनि हुन्छ। यता अलि शान्त छ। यतातिर आउने कम छ। यो सूचना सञ्चारलाई राष्ट्रिय सभातिर आकर्षण गर्दिनका निमित्त हाम्रो मन्त्रीजीले विशेष जोड गर्नुहुनेछ, यो देखेर मैले त्यतातिर भनें र अरू यो प्राथमिकता र यो सिद्धान्त र प्राथमिकता जो विषयहरू उठेका र उठाइएका छन्, यिनीप्रतिको मेरो समर्थन सहित मेरो भनाइ अन्त्य गर्छु। धन्यवाद। लालसलाम।

(१५:०० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन २९ गते मङ्गलबार बिहान ११ बजेर ९ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८० साल फागुन २९ गते मङ्गलबार बिहान ११ बजेर ९ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ)।

**स्थगित:- १५:०० बजे।**